## अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# संश्लेषित पाठ्यक्रम, २०७९

### तह २ (कक्षा ४-५)




नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

## अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# संश्लेषित पाठ्यक्रम, २०७९

## तह २ (कक्षा ४–५)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

© शिक्षा तथा मानव स्रोत विकास केन्द्र

संस्करण : प्रथम

प्रकाशन : २०७९

## दुई शब्द

शिक्षा प्राप्त गर्नु व्यक्तिको आधारभूत तथा मौलिक अधिकार हो । नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क गरेको छ । त्यसैगरी अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले शिक्षाका सैब विधि र मार्गहरू खुला गर्दै व्यक्तिले औपचारिक, अनौपचारिक एवम् अरितिक जुनसुकै माध्यमबाट पनि शिक्षा प्राप्त गर्न सक्ने अवसरको सुनिश्चितता प्रदान गरेको छ ।

नेपाल जस्तो विविधतायुक्त मुलुकमा आधारभूत तथा माध्यमिक तहमा भर्ना भई भौगोलिक विकटता, गरिबी, अशिक्षा, जनचेतनाको कमी, बाल विवाह आदि जस्ता कारणले विद्यालय शिक्षाको तह पार नगर्ने बालबालिकाहरूलको सङ्ख्या निकै छ भने अर्कोतर्फ बिचैमा पढाइ छाडेका युवायुवती तथा प्रौढहरूको सङ्ख्या पनि निकै नै छ । पढ्ने चाहना र रहर हुँदाहुँदै विद्यालय छाड्नुपरेका बालबालिका, युवायुवती तथा प्रौढहरूलाई शिक्षाको पहुँच पुऱ्याउन छिटो र लचिलो माध्यमबाट अनौपचारिक तथा वैकल्पिक शिक्षाको व्यवस्थाका लागि नेपाल सरकारले पाठ्यक्रम तथा सिकाइ सामग्रीहरूको विषयवस्तुहरूलाई सङ्कुचन गरी कक्षा १-५, ३ वर्षमा, कक्षा ६-८, २ वर्षमा, कक्षा ९-१०, १ वर्षमा र कक्षा ११-१२, १ वर्षमा पूरा गर्न सकिने गरी वैकल्पिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

हाल विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन भई कार्यान्वयनमा आएको सन्दर्भमा विगतमा निर्माण गरिएको आधारभूत तथा माध्यमिक तहको संश्लेषित पाठ्यक्रम तथा सिकाइ सामग्रीहरूलाई परिमार्जन तथा अद्यावधिक गर्दै जानु जरुरी भएको छ । यसै सन्दर्भमा तह २ (कक्षा ४-५) को औपचारिक शिक्षको पाठ्यक्रमका सक्षमता, सिकाइ उपलब्धि, पाठ्यवस्तु, सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई मूल पाठ्यवस्तु (Core content) र परिधीय पाठ्यवस्तु (Sub core content) का रूपमा विभाजन गरी पाठ्यक्रमको सङ्कुचन गरिएको छ । पाठ्यक्रमको सङ्कुचन गर्दा सिकारुको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित हुने गरी गरिएको छ । यो दोस्रो तहको पाठ्यक्रम र यसमा राखिएका सिकाइ समक्षमताहरूलाई एक वर्षमा पूरा हुनेगरी सिकाइ सामग्रीहरूसमेत विकास गरिएको छ ।

प्रस्तुत पाठ्यक्रम तयार गर्ने क्रममा सहयोग पुऱ्याउनुहुने केएर नेपाल, समुन्नत नेपाल, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानवस्रोत विकास केन्द्र परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस पाठ्यक्रमलाई अझै परिस्कृत बनाउँदै लैजानका लागि प्रयोगकर्ता एवम् विशेषज्ञ महानुभावहरूबाट रचनात्मक सुझावहरूको अपेक्षा गर्दछु ।

चूडामणि पौडेल

महानिर्देशक

# विषयसूची


| विषय | पृष्ठसङ्ख्या |
|---|---|
| १. परिचय | १ |
| २. पाठ्यक्रम संश्लेषणका आधार | २ |
| ३. पाठ्यक्रम संश्लेषण गर्दा अपनाइएका पक्ष | ३ |
| ४. पाठ्यक्रम संश्लेषणको संरचना | ३ |
| ५. तहगत सक्षमता | ५ |
| ६. विषयक्षेत्रगत पाठ्यक्रम | ५ |
| ६.१ नेपाली भाषा | ५ |
| ६.२ अङ्ग्रेजी | ३४ |
| ६.३ गणित | ५९ |
| ६.४ विज्ञान तथा प्रविधि | ७० |
| ६.५ सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ८७ |
| ६.६ स्वास्थ्य, शारीरिक शिक्षा तथा सिर्जनात्मक कला | १०० |
| ७. मूल्याङ्कन | १२४ |

# १. परिचय

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्यलाई पाठ्यक्रमका माध्यमले शैक्षिक उपलब्धिमा रूपान्तरण गरिन्छ । पाठ्यक्रमले निश्चित तहको अध्ययन पूरा गरेपछि सिकारुले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ । यसले सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियासहित सिकाइ उपलब्धि प्राप्तिको सुनिश्चितता पनि गर्छ । यसका लागि पाठ्यक्रममा निर्धारित सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि विषयवस्तु, सिकाइ सहजीकरण प्रक्रिया र सिकाइको मूल्याङ्कनका लागि आवश्यक तत्त्व समावेश गरिएको छ । अनौपचारिक शिक्षातर्फ प्रत्यक्ष साक्षत्कार कक्षा तथा अनुभव र अभ्यासका आधारित सिकाइ हुने भएकाले यसमा सिकारुका सिकाइ अनुभव, परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमता र आवश्यकता आकलन गरी अभिवृत्ति, सिप, ज्ञान, मूल्य र तत्परतासहितका सक्षमता समेटिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार कक्षा ४ र ५ का लागि तयार पारिएको औपचारिक पाठ्यक्रमका मूल सक्षमता र न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न राष्ट्रिय योग्यता प्रारूपको मर्मअनुसार ज्ञानको विस्तार तथा सिर्जना, प्रविधिमा आएको परिवर्तन, सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन, सिकारुमा विकसित हुनुपर्ने सिपलगायत आजको प्रतिस्पर्धात्मक विश्वको आवश्यकतालाई विचार गरेर औपचारिक शिक्षाकै पाठ्यक्रमलाई संश्लेषण गरी यो पाठ्यक्रम विकास गरिएको हो । यसमा औपचारिक पाठ्यक्रमका सक्षमता, सिकाइ उपलब्धि, पाठ्यवस्तु, सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई मूल पाठ्यवस्तु **(Core content)** र परिधीय पाठ्यवस्तु **(Sub core content)** का रूपमा विभाजन गरी पाठ्यक्रमको सङ्कुचन समेत गरिएको छ ।

पाठ्यक्रम संश्लेषण गर्दा सिकारुको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित हुने गरी सिकाइलाई निरन्तरता दिनुपर्छ । पाठ्यक्रमका पाठ्यवस्तु सङ्ककुचनहुँदा सिकाइ सहजीकरण विधि र सिकाइ उपलब्धिको मूल्याङ्कनका उपायसमेतमा परिवर्तन हुने हुँदा यसमा पाठ्यवस्तुमा आधारित र अनुभवमा आधारित सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गर्नसमेत सुझाइएको छ ।

## २. पाठ्यक्रम संश्लेषणका आधार

पाठ्यक्रम संश्लेषण तथा सङ्कुचन गर्दा सिकारुको न्यूनतम सिकाइ उपलब्धि हासिल हुने पक्षलाई प्राथमिकतामा राख्नुपर्छ । औपचारिक शिक्षाको मौजुदा पाठ्यक्रमले कक्षा ४-५ का लागि वार्षिक १०२४ कार्यघण्टा सिकाइ अवधि निर्धारण गरेको छ । अनौपचारिक शिक्षामा कार्यघण्टा पूरा गर्न प्रत्यक्ष साक्षात्कार सिकाइबाहेकको वैकल्पिक सिकाइलाई निरन्तरता दिँदै शिक्षक र समाजका स्रोत व्यक्तिको सहजीकरणमा सिकाइ गर्नु आवश्यक छ । यसका लागि शिक्षकको सहयोग आवश्यक पर्ने मूल सिकाइ उपलब्धि र मुख्य पाठ्यवस्तु (Core Content) तथा शिक्षकको निर्देशनमा र सिकारुको आफ्नै प्रयासमा सिकाइ हुन सक्ने परिधीय पाठ्यवस्तु (sub-core content) निर्धारण गरी पाठ्यक्रमका पाठ्यवस्तुलाई निम्नानुसारका आधारमा संश्लेषण तथा सङ्कुचन गर्न सकिन्छ :

(क) **एकीकरण (Integration) :** एकीकरण पाठ्यक्रमका मिल्दाजुल्दा पाठ्यवस्तु एवम् सिकाइ उपलब्धिलाई एकै पटक सिकाउने गरी पाठ्यक्रमका पाठ्यवस्तु सङ्कुचन गर्ने तरिका हो । यसमा विभिन्न पाठका पाठ्यवस्तु वा सम्भव भए विभिन्न विषयका पाठ्यवस्तु एकैसाथ शिक्षण गरी सिकाइ उपलब्धि पूरा गरिन्छ ।

(ख) **समूहीकरण (Clusterization) :** यसमा सिकाइ उपलब्धि तथा पाठ्यवस्तुलाई समूहमा विभाजन गरिन्छ र एउटा समूहका सबै पाठ्यवस्तुलाई एकैसाथ शिक्षण गरिन्छ ।

(ग) **प्राथमिकीकरण (Prioritization) :** यसमा सिकाइका लागि शिक्षकको प्रत्यक्ष सहजीकरण आवश्यक पर्ने र शिक्षकको निर्देशनमा सिकारु आफैँले गर्न सक्ने गरी सिकाइ उपलब्धि तथा पाठ्यवस्तुको प्राथमिकीकरण गरिन्छ ।

(घ) **न्यूनीकरण (Minimization) :** यसमा सिकाइका लागि निर्धारण गरिएका पाठ्यवस्तु सिकारुको उमेर अनुभवका आधारमा घटाई पाठ्यक्रम सङ्कुचन गरिन्छ ।

## ३. पाठ्यक्रम संश्लेषण गर्दा अपनाइएका पक्ष

(क) **सिकाइको योजना :** प्रत्यक्ष कक्षा र अन्य (परियोजना, गृहकार्य, कामका आधारित सिकाइ आदि) सिकाइ प्रक्रियालाई ध्यान दिई सक्षमता विकास गर्न सक्ने अवसर सिकारुले प्राप्त गर्न सक्ने गरी सिकाइ योजना बनाउनुपर्छ ।

(ख) **सिकाइ विधि :** अनौपचारिक शिक्षामा प्रत्यक्ष (सहजकर्ताको सहजीकरणमा सम्पन्न हुने), अप्रत्यक्ष (कार्य, परिवेश र अनुभवमा सम्पन्न हुने) गरी दुई प्रकारका सिकाइ विधिको उपयोग गर्नुपर्छ ।

(ग) **उपलब्धि आकलन :** यसमा सिकारुको न्यूनतम सिकाइ उपलब्धि र सिकाइको आकलन गरिन्छ । अधिकतम सिकाइ उपलब्धिको अपेक्षा सिकारुको स्वसिकाइमा अपेक्षित हुन्छ ।

(घ) **जान्नै पर्ने विषयवस्तु :** यसमा सिकाइ वा बोधका लागि आवश्यक सिकाइ उपलब्धि निर्धारण गरी त्यसका लागि द्रुत सिकाइ तथा पुनस्मरणका विधि अपनाइन्छ ।

(ङ) **जान्नु आवश्यक विषयवस्तु :** अहिले अलिअलि सिकेर पछि जान्दा हुने विषयवस्तु खुट्याएर ती विषयवस्तुको सतही जानकारी मात्र गराइन्छ र थप सिकाइका लागि उत्प्रेरित गरिन्छ ।

(च) **जाने राम्रो हुने विषयवस्तु :** अहिले नजान्दा पनि हानि नहुने तर जानिराखे पछि राम्रो हुने विषयवस्तुलाई सिकारुको स्वअध्ययन र आत्मउत्प्रेरिक कार्यकलापका रूपमा सम्पन्न गर्ने योजना बनाइन्छ ।

## ४. पाठ्यक्रम संश्लेषणको संरचना

पाठ्यक्रम संश्लेषण गर्दा सिकारुलाई सबै पक्ष प्रत्यक्ष कक्षामा मात्र सिकाउने उद्देश्य नराखी सिकारुका अनुभव र व्यावहारिक सिकाइलाई समेत सिकाइको अङ्गका रूपमा लिइन्छ । सिकारुले घरमा, कार्यस्थलमा, व्यावहारक कार्य सम्पादनमा, समस्या समाधानमा र उमेरगत परिपक्वतामा सिकेका अनेकौ कुरा अनौपचारिक शिक्षामा सिकाइका मुख्य अङ्ग मानिन्छन् । यसर्थ पाठ्यक्रम संश्लेषण गर्दा औपचारिक शिक्षामा जस्तो सबै पक्षको सिकाइ प्रत्यक्ष कक्षामा अपेक्षित हुँदैन । सामान्यतया औपचारिक

शिक्षाको पाठ्यक्रम संश्लेषण गरी समतहको अनौपचारिक शिक्षाका कक्षा सञ्चालन गर्दा प्रत्यक्ष कक्षाको पाठ्यघण्टाको दशदेखि पच्चिस प्रतिशत भारलाई प्रत्यक्ष कक्षामा समेटी बाँकी अप्रत्यक्ष सिकाइका आधारमा सिकाइ उपलब्धि पूरा गर्ने र तथ्यका आधारमा मूल्याङ्कन गरी सिकारुको क्षमता आकलन गरेर समकक्ष तह निर्धारण गर्ने प्रचलन रहेको छ । यही आधारमा तह २ को पाठ्यक्रममा पनि औपचारिक पाठ्यक्रमले निर्धारण गरेको १०२४ घण्टा कार्यघण्टाको २५ प्रतिशत अर्थात् २५६ घण्टा प्रत्यक्ष साक्षत्कार कक्षा र ७६८ घण्टा स्वनिर्देशित कार्यघण्टा सिकाइ हुने गरी समकक्ष कार्यघण्टाको सैद्धान्तिक आधारमा पाठ्यक्रम संश्लेषण गरिको छ ।

पाठ्यक्रम संश्लेषण गर्दा विषयगत रूपमा निम्नानुसार कार्यघण्टा र पाठ्यघण्टा विभाजन गरिएको छ :

| क्रसं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | प्रत्यक्ष साक्षत्कार कार्यघण्टा | स्वनिर्देशित कार्यघण्टा |
|---|---|---|---|---|---|
| १. | नेपाली | ५ | १६० | ४० | १२० |
| २. | अङ्ग्रेजी | ५ | १६० | ४० | १२० |
| ३. | गणित | ५ | १६० | ४० | १२० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० | ४० | १२० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० | ४० | १२० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ | २४ | ७२ |
| ७ | मातृभाषा वा स्थानीय विषय | ४ | १२८ | ३२ | ९६ |
| जम्मा | | ३२ | १०२४ | २५६ | ७६८ |

## ५. तहगत सक्षमता

अनौपचारिक तथा वैकल्पिक शिक्षा तह २ का सक्षमता निम्नानुसार हुने छन् :

(क) देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास

(ख) आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग

(ग) आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

(घ) नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास

(ङ) विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास

(च) शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skils) तथा व्यवहारकुशल सिप (Soft Skills) को विकास

(छ) कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास

(ज) आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

## ६. विषयक्षेत्रगत पाठ्यक्रम

### ६.१ नेपाली भाषा

#### ६.१.१ परिचय

नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हो । शैक्षणिक क्रियाकलाप, सामाजिक सांस्कृतिक व्यवहार, अन्तरभाषिक व्यवहार, सञ्चार, प्रशासन, प्रविधि तथा मौखिक र लिखित व्यवहारको प्रमुख माध्यम नेपाली भाषा रहिआएको छ । यसर्थ नेपाली भाषाका माध्यमबाट सिकारुमा सिकाइ सक्षमता अभिवृद्धि गर्नु आवश्यक छ । नेपाली भाषा शिक्षणको उद्देश्य सिकारुको भाषिक दक्षता अभिवृद्धि र बोध तथा अभिव्यक्तिको विकास गर्नु हो ।

यस पाठ्यक्रममा सिकारुको रुचि र आवश्यकतामा आधारित सक्षमता र सिकाइ उपलब्धि निर्धारण तथा पाठ्यवस्तुको छनोट एवम् स्तरणमा ध्यान दिइएको छ । विषयवस्तुको क्षेत्र र क्रमलाई तह एकसँग सन्तुलन कायम हुने गरी प्रस्तुत गरिएको छ । यसमा कार्यमूलक व्याकरण र शब्दभण्डारलगायत सिकाइ उपलब्धिलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका आधारमा विस्तृतीकरण गरी भाषिक सिपगत पाठ्यभार, सिकाइ सहजीकरणका सम्भावित कार्यकलाप र सिकारु मूल्याङ्कनका प्रक्रिया निर्देश गरिएको छ ।

नेपाली विषय शिक्षणको मुख्य प्रयोजन विभिन्न विधाका रचनाबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु हो । सुनाइ र बोलाइ सिप विकासका लागि यसमा मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्ध एवम् दृष्टि निर्माणमा जोड दिइएको छ । यसमा पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई समेत भाषा सिकाइका अङ्गका रूपमा समावेश गरिएको छ । यसले भाषिक सिपको विकास, भाषाको शुद्ध प्रयोग, स्तरीय अभिव्यक्ति, शिल्प विकासमा जोड दिएको छ । विषयवस्तुको समायोजन गर्दा नेपाली भाषाका मूलभूत मूल्यमान्यतालाई ध्यान दिई पाठ्यक्रमलाई सरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाइएको छ । यसबाट सिकारुमा सञ्चार र अभिव्यक्तिका क्रममा भाषाको शुद्ध प्रयोग गर्ने सिप, बोध एवम् सिर्जनात्मक क्षमताको विकास हुने अपेक्षा गरिएको छ ।

### ६.१.२ तहगत सक्षमता

तह २ को सिकाइपश्चात् सिकारुमा नेपाली भाषाका निम्नलिखित सक्षमता हासिल हुने छन् :

(क) शब्दको अक्षर संरचनागत ध्वनि सचेततासहितको उच्चारण

(ख) विविध विषयवस्तुमा आधारित मौखिक तथा लिखित सञ्चार

(ग) पाठको प्रवाहपूर्ण पठन गरी विषयवस्तुको बोध र सन्दर्भपरक अभिव्यक्ति

(घ) विभिन्न पाठ्यसामग्रीबाट तथ्य, मूल्य एवम् विचार ग्रहण गरी भाषिक कार्य सम्पादन

(ङ) चित्र, वस्तु, घटना, परिवेश र पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र तार्किक अभिव्यक्ति

(च) सामाजिक र सांस्कृतिक मूल्यप्रति सचेततासहित भाषाको शिष्ट प्रयोग

(छ) भाषिक प्रकार्यका आधारमा सन्दर्भगत भाषाको प्रयोग

(ज) दैनिक व्यवहारका लागि आवश्यक मानक भाषाको प्रयोग

(झ) सिर्जनात्मक तथा समालोचनात्मक सिपको उपयोग गरी भाषिक सञ्चार र समस्या समाधान

### ६.१.३ सिकाइ उपलब्धि

| भाषिक सिपगत क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|
| सुनाइ र बोलाइ | १. सामान्य विषयमा सोधपुछ, कुराकानी र अन्तरक्रिया गर्न | १.१ सामान्य विषयमा सोधपुछ, कुराकानी र अन्तरक्रिया गर्न<br>१.२ सोधपुछ र कुराकानीका आधारमा प्रश्न निर्माण गरी उत्तर खोजी गर्न<br>१.३ शिष्टाचारका शब्द प्रयोग गरी कुराकानी र अन्तरक्रिया गर्न |
| | २. वस्तु, व्यक्ति, चित्र, अनुभव, स्थान र घटनाको वर्णन गर्न | २.१ आफूले देखेका वस्तु, चित्र वा अनुभवको सिलसिलाबद्ध वर्णन गर्न<br>२.२ स्थान र घटनाको वर्णन गर्न<br>२.३ परिचित व्यक्तिको व्यक्तिवृत्त वर्णन गर्न |

| भाषिक सिपगत क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|
| | | २.४ अनुभव र कल्पनाका आधारमा छलफल र विषय वर्णन गर्न<br>२.५ चित्र हेरी मौखिक वर्णन गर्न<br>२.६ घर परिवार र समाजका बारेमा आफ्ना विचार व्यक्त गर्न |
| | ३. निर्देशन पालना तथा अनुरोध गर्न | ३.१ निर्देशन सुनेर क्रमिक रूपमा पालना गर्न<br>३.२ साधारण सूचना सुनेर बताउन<br>३.३ कामका लागि अनुरोध गर्न |
| | ४. विषयवस्तु सुनी प्रतिक्रिया दिन | ४.१ अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न<br>४.२ सुनेका आधारमा प्रतिक्रिया दिन<br>४.३ अरूले भनेका कुरा आशयसहित वर्णन गर्न<br>४.४ विषयवस्तु सुनी धारणा निर्माण गरी प्रस्तुत गर्न |
| | ५. आफूले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तु आफ्नै शैलीमा व्यक्त गर्न | ५.१ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तु संवेगात्मक सचेततासहित प्रस्तुत गर्न<br>५.२ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुको सिलसिलाबद्ध तरिकाले वर्णन गर्न |

| भाषिक सिपगत क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|
| | | ५.३ पदसङ्गति मिलाई आफ्ना विचार व्यक्त गर्न |
| | ६. कुराकानी, प्रश्नोत्तर र संवादमा सक्रियतापूर्वक भाग लिन | ६.१ शिष्ट भाषाको प्रयोग गरी कुराकानी गर्न<br>६.२ विषयवस्तुमा आधारित भएर प्रश्नोत्तर गर्न<br>६.३ भाषिक शुद्धताका साथ हाउभाउसहित आफ्ना विचार व्यक्त गर्न |
| | ७. पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र तार्किक अभिव्यक्ति दिन | ७.१ पाठगत विषयवस्तुको बोध गर्न<br>७.२ कुराकानी, प्रश्नोत्तर, संवाद आदिमा प्रभावकारी ढङ्गले भाग लिन<br>७.३ पाठगत सन्दर्भमा आधारित भई तार्किक अभिव्यक्ति दिन |
| | ८. आफ्नो परिवेशमा मनाइने चाडपर्वका विषयमा जानकारी लिन र दिन | ८.१ आफूले मनाउने चाडपर्वको वर्णन गर्न<br>८.२ आफ्नो समुदायमा मनाइने चाडपर्वबारे जानकारी लिन<br>८.३ आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन |
| **पढाइ** | १. लिखित सामग्रीलाई गति, यति, लय मिलाई शुद्ध र | १.१ पद्य पाठलाई गति, यति, लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न<br>१.२ गद्य पाठलाई गति, यति, हाउभाउसहित |

| भाषिक सिपगत क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|
| | स्पष्टसँग वाचन गर्न | शुद्ध र स्पष्टसँग वाचन गर्न<br>१.३ विभिन्न विधाका पाठ आशयअनुसार चिह्नको ख्याल गरी पढ्न<br>१.४ विभिन्न विधाका पाठ पूर्वानुमान र पश्चानुमान गर्न सक्ने गरी पढ्न<br>१.५ पाठगत संरचना बोध गर्ने गरी पढ्न |
| | २. अरूलाई बताउन सक्ने गरी विषयवस्तु पढ्न | २.१ आफूले पढेका विषयवस्तु व्यक्त गर्न<br>२.२ पाठमा प्रयुक्त पात्रको परिचय बताउन<br>२.३ पढेका विषयवस्तुको सार बताउन |
| | ३. पाठमा पढेका विषयवस्तुको मौखिक उत्तर दिन | ३.१ निर्धारित पाठ पढी मौखिक अभिव्यक्ति दिन<br>३.२ निर्धारित पाठ वा अंश पढी सन्दर्भ र परिवेशमा आधारित प्रश्नोत्तर गर्न<br>३.३ पाठगत, शैलीगत र अनुमानात्मक प्रश्नको उत्तर दिन<br>३.४ पढेका विषयवस्तुका बारेमा प्रश्न निर्माण गर्न |
| | ४. पाठका प्रयुक्त नयाँ शब्दहरू अर्थ बुझ्ने गरी पढ्न | ४.१ पाठमा प्रयुक्त नयाँ शब्द पहिचान गर्न<br>४.२ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बोध गर्ने गरी पढ्न |

| भाषिक सिपगत क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|
| | | ४.३ शब्दभण्डार वृद्धि गर्ने गरी विभिन्न पाठ पढ्न |
| | ५. मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न | ५.१ मुद्रित तथा विद्युतीय सामग्री पढेर विषयवस्तु बोध गरी आशय बताउन<br>५.२ भित्तेपात्रो पढी सूचना वर्णन गर्न<br>५.३ बाल सामग्रीहरू रुचिपूर्वक पढ्न<br>५.४ चिठी, पत्रपत्रिका, विज्ञापन र निमन्त्रणा पढेर विषयवस्तु बोध गर्न<br>५.५ चिठी र निमन्त्रणा पत्रको ढाँचा बोध गर्न |
| **लेखाइ** | **१.** विषयवस्तुको लिखित वर्णन गर्न | १.१ दिइएका विषयमा लिखित वर्णन गर्न<br>१.२ आफूलाई मन पर्ने विषयमा स्वतन्त्र लेखन गर्न<br>१.३ निर्दिष्ट विषयमा अनुच्छेद लेखन गर्न |
| | २. लेख्य चिह्न र हिज्जे मिलाई शुद्धसँग अनुलेखन र श्रुतिलेखन गर्न | २.१ लेख्य चिह्न र वर्णविन्यास मिलाई अनुच्छेदको अनुलेखन गर्न<br>२.२ लेख्य चिह्न र वर्णविन्यास मिलाई अनुच्छेदको श्रुतिलेखन गर्न<br>२.३ दिइएका बुँदाका आधारमा निर्देशित लेखन गर्न<br>२.४ पूर्णविराम, प्रश्नवाचक, योजक, |

| भाषिक सिपगत क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|
| | | अल्पविराम, उद्धरण र विस्मयादिबोधक चिह्न प्रयोग गरी वाक्य वा अनुच्छेद लेख्न |
| | ३. आफूले सुनेका, देखेका र अनुभव गरेका घटनाको लिखित वर्णन गर्न | ३.१ आफूले सुनेका, देखेका र अनुभव गरेका घटना र विषयवस्तुको लिखित वर्णन गर्न<br>३.२ वाक्य गठन र सङ्गति मिलाई विषयवस्तुको वर्णन गर्न<br>३.३ पढेका विषयवस्तुबाट नयाँ शब्द सङ्कलन गरी वाक्यमा प्रयोग गर्न |
| | ४. संरचना बोध गरी व्यावहारिक रचना तयार गर्न | ४.१ घरायसी चिठी, निमन्त्रणा र निवेदनको ढाँचा अनुकरण गर्न<br>४.२ घरायसी चिठी र निवेदन लेख्न |
| | ५. पदसङ्गति मिलाई वाक्य र अनुच्छेद लेख्न | ५.१ लिङ्ग, वचन, पुरुष र आदर मिले नमिलेका वाक्य पहिचान गर्न<br>५.२ लिङ्ग, वचन, पुरुष र आदर प्रयोग गरी वाक्य लेख्न<br>५.३ लिङ्ग, वचन, पुरुष र आदर प्रयोग गरी अनुच्छेद लेख्न<br>५.४ वाक्यमा लिङ्ग, वचन, पुरुष र आदर परिवर्तन गर्न |

| भाषिक सिपगत क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|
| | ६. भाषिक संरचनाको समुचित प्रयोगसहित पाठ रचना गर्न | ६.१ अनुच्छेदमा प्रयुक्त नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात पहिचान गर्न र वाक्य वा अनुच्छेद रचना गर्न<br>६.२ काल, पक्ष, करण र अकरणका आधारमा वाक्य तथा पाठको रचना गर्न<br>६.३ सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न<br>६.४ कारक र विभक्तिको पहिचान र प्रयोग गर्न |
| | ७.१निर्देशित, अनुकरणात्मक र स्वतन्त्र रचना गर्न<br>७.२सिर्जनात्मक र समालोचनात्मक सिपको उपयोग गरी भाषिक सञ्चार र समस्या समाधान गर्न | ७.१ कुनै विषयमा निर्देशित लेखन (गद्य र पद्य) गर्न<br>७.२ कुनै विषयमा अनुकरणात्मक लेखन गर्न<br>७.३ कुनै विषयमा स्वतन्त्र लेखन गर्न<br>७.४ पढेका पद्यांश गद्यमा रूपान्तरण गर्न<br>७.५ निर्धारित घटना, विषयवस्तु र सन्दर्भका आधारमा समस्या, कारण र निष्कर्ष टिपोट गर्न<br>७.६ मौखिक तथा लिखित अभिव्यक्तिमा निहित त्रुटि पहिचान गरी सच्याएर लेख्न |

### ६.१.४. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण

| क्र. स | क्षेत्र / विधा तथा विषयवस्तु | भाषिक सिप: सुनाइ तथा बोलाइ | भाषिक सिप: पढाइ | भाषिक सिप: लेखाइ | भाषिक पुनरुत्पादन: भाषिक संरचना | भाषिक पुनरुत्पादन: शब्दभण्डार | भाषिक पुनरुत्पादन: भाषिक प्रकार्य | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| १. | कविता (नीति/ देशप्रेम) | १. सुनाइ र विषयवस्तुको प्रतिक्रिया<br>२. सुनाइ र स्वविचार कथन<br>३. विषयवस्तुमा आधारित छलफल र प्रस्तुति<br>४. प्रश्नोत्तर<br>५. विषयवस्तुको अनुमान कल्पना एवम् सान्दर्भिक | १. लयबद्ध पठन<br>२. सन्दर्भ र परिवेश बोध<br>३. पाठको विषयबोध<br>४. प्रश्नोत्तर | १. प्रश्नोत्तर<br>२. गद्यमा रूपान्तरण<br>३. पाठका आधारमा शब्द पूरण<br>४. आशय लेखन<br>५. विषयवस्तुको भाव वर्णन<br>६. अनुलेखन<br>७. लययुक्त शब्दका आधारमा स्वतन्त्र पद्य रचना | १. नाम र सर्वनामको पहिचान र प्रयोग<br>२. ह्रस्व इकार (सुरु, बिच, अन्त्य) को पहिचान र प्रयोग | १. प्रचलित मौलिक र आगन्तुक शब्दको पहिचान, अर्थबोध र प्रयोग<br>२. पर्यायवाची र विपरीतार्थी शब्द पहिचान र प्रयोग<br>३. पाठगत शब्दको अर्थबोध र प्रयोग | स्वपरिचय प्रस्तुति /खोज तथा प्रस्तुति | १६ (४+१२ = १६) |

| क्र. स | क्षेत्र<br>विधा तथा विषयवस्तु | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | |
| | | प्रस्तुति<br>६. श्रुतिवर्णन | | | | | | |
| २. | कथा- सामाजिक | १. अन्तरक्रियात्मक सुनाइ र प्रतिक्रिया<br>२. विषयवस्तुको सन्दर्भ तथा परिवेशका आधारमा धारणा निर्माण र तुलना<br>३. प्रश्नोत्तर तथा छलफल<br>४. अनुमान, कल्पना र निष्कर्षसहित विषयवस्तुको | १. नमुना, समूह र स्वतन्त्र पठन<br>२. पूर्वानुमान<br>३. संरचना पहिचान<br>४. प्रश्न निर्माण<br>५. प्रश्नोत्तर<br>६. घटना वर्णन | १. प्रश्नोत्तर<br>२. घटनाक्रम मिलान<br>३. सन्देश लेखन<br>४. भाव विस्तार<br>५. कथासार लेखन<br>६. आफूले देखे, सुने तथा अनुभव गरेका विषयमा चित्र निर्माण र त्यसको लिखित वर्णन<br>७. समानान्तर | १. विशेषणको पहिचान र प्रयोग<br>२. दीर्घ इकार (सुरु, बिच, अन्त्य) को पहिचान र प्रयोग | १. पर्यायवाची, विपरीतार्थी, अनेकार्थी र अनुकरणत्मक शब्द पहिचान र प्रयोग<br>२. पाठगत शब्दको अर्थबोध र प्रयोग | आदर सत्कार /समयपालना | १८<br>(५+१३ =१८) |

| क्र. स | क्षेत्र<br>विधा तथा विषयवस्तु | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | |
| | | वर्णन<br>५. चित्रात्मक प्रस्तुतिबाट अवधारणा विकास | | कथा लेखन<br>८. श्रुतिलेखन | | | | |
| ३. | निबन्ध (सञ्चार, स्वास्थ्य, पर्यावरण | १. सुनाइ र विषयमा आधारित छलफल<br>२. छलफलका क्रममा आएका नयाँ शब्द पहिचान<br>३. श्रव्य सामग्रीको सुनाइ र प्रतिक्रिया<br>४. प्रश्नोत्तर र सार कथन | १. सस्वर तथा द्रुत पठन<br>२. मौन पठन र विषयवस्तुको बोध<br>३. संरचना पहिचान<br>४. घटनाक्रम पहिचान<br>५. पाठको विषयबोध<br>६. कुनै दुई स्थान वा | १. विषय वा घटनाको सिलसिलाबद्ध लेखन<br>२. पाठगत विषयवस्तुका आधारमा स्वविचार प्रस्तुति<br>३. प्रश्नोत्तर र विषय विस्तार<br>४. सारांश लेखन<br>५. अनुच्छेदपूरण | १. क्रियाको पहिचान र प्रयोग<br>२. ह्रस्व उकार (सुरु, बिच, अन्त्य) को पहिचान र प्रयोग | १. पाठमा आधारित प्राविधिक तथा पारिभाषिक शब्द पहिचान र प्रयोग स्थानीय प्रविधि तथा औजारसँग सम्बन्धित शब्दको पहिचान, अर्थबोध र प्रयोग<br>२. समूहवाचक | स्वागत /उत्साह र कृतज्ञतामा आधारित सञ्चार /संवेगात्मक प्रस्तुति/रुचि र बानी | २२ (५+१७ = २२) |

| क्र. स | क्षेत्र<br>विधा तथा विषयवस्तु | भाषिक सिप<br>सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक पुनरुत्पादन<br>भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | ५. अनुच्छेद वा घटना सुनाई युगल तथा समूहमा अन्तरक्रिया | दृश्यवस्तुका मिल्दा वा नमिल्दा विषयवस्तुका बारेमा वर्णन/तुलना | वा अनुच्छेद लेखन | | शब्द पहिचान र प्रयोग | | |
| ४ | व्यावहारिक लेखन (निवेदन र घरायसी चिठी ) | १. विषयवस्तुको बोध<br>२. छलफल तथा प्रश्नोत्तर<br>३. सन्दर्भ र परिवेश अनुकूल हुने गरी व्यावहारिक प्रस्तुति<br>४. ढाँचा पहिचान र वर्णन | १. समयबद्ध सस्वरपठन र गतिवृद्धि<br>२. मौन पठन र छलफल<br>३. संरचना पहिचान<br>४. पाठको विषयवस्तु बोध<br>५. सन्देश ग्रहण<br>६. प्रश्नोत्तर | १. लेखन ढाँचा र शैली अनुकरण<br>२. प्रश्नोत्तर<br>३. अनुलेखन<br>४. निर्धारित विषयमा निवेदन लेखन<br>५. बधाई ज्ञापन, निमन्त्रणा पत्र र शुभकामना पत्रको ढाँचा | १. नामयोगी र क्रियाविशेषणको पहिचान र प्रयोग<br>२. दीर्घ ऊकार (सुरु, बिच, अन्त्य) को पहिचान र प्रयोग | १. शिष्टाचार र सम्बोधनबोधक शब्द पहिचान र प्रयोग<br>२. मौलिक र आगन्तुक शब्दको पहिचान, अर्थबोध र प्रयोग<br>२. पाठगत शब्दको अर्थबोध र प्रयोग | शुभकामना /कृतज्ञता | १६ (४+१२ = १६) |

| क्र. स | क्षेत्र | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | विधा तथा विषयवस्तु | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | |
| | | ५. रेडियो र टेलिभिजनबाट प्रसारित बाल कार्यक्रमबाट विषयवस्तु टिपोट र मौलिक अभिव्यक्ति | | पहिचान र लेखन | | | | |
| ५. | जीवनी (राष्ट्रिय) | १. प्रतिक्रियाका लागि सामूहिक सुनाइ<br>२. तथ्य पहिचान तथा प्रस्तुति<br>३. नमुनाका आधारमा साथीको व्यक्तिवृत्त वर्णन | १. समयबद्ध सस्वर पठन र गति वृद्धि<br>२. मौन पठन र विषयवस्तु बोध<br>३. द्रुत पठन<br>४. संरचना पहिचान<br>५. घटनाक्रम | १. घटना टिपोट र मिलान<br>२. प्रश्नोत्तर<br>३. श्रुति लेखन<br>४. चित्र वर्णन<br>५. व्यक्तिगत विवरण लेखन<br>६. पाठबाट बुँदा टिपोट<br>७. परिचित | १. निपात, संयोजक र विस्मयादि-बोधकको पहिचान र प्रयोग<br>२.वर्णविन्यासको पहिचान र प्रयोग (ब/व) | १. सङ्क्षिप्त शब्दको पहिचान र प्रयोग<br>१.श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग<br>२. पाठगत शब्दको अर्थबोध र प्रयोग | भूमिका निर्वाह /आदर्श अनुकरण | १५ (४+११ =१५) |

| क्र. स | क्षेत्र<br>विधा तथा विषयवस्तु | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | |
| | | ४. विषयवस्तुको आधारमा धारणा निर्माण र प्रस्तुति<br>५. प्रश्नोत्तर तथा छलफल<br>६. अनुमान, घटना विस्तार र प्रस्तुति<br>७. कल्पनामा आधारित वर्णन | पहिचान<br>६. पाठको विषयबोध<br>७. सन्देश ग्रहण | व्यक्तिको जीवनी लेखन | | | | |
| ६. | कथा (ऐतिहासिक) | १. सामाजिक सांस्कृतिक विषयवस्तुको सुनाइ र प्रतिक्रिया<br>२. सामाजिक र सांस्कृतिक | १. समयबद्ध सस्वर पठन र गति वृद्धि<br>२. मौन पठन<br>३. द्रुत पठन<br>४. पाठको | १. घटनाक्रम मिलान<br>२. प्रश्नोत्तर<br>३. पात्रको चरित्र वर्णन र तुलना<br>४. प्रश्न निर्माण | १. शब्द निर्माण<br>२. वर्णविन्यासको पहिचान र प्रयोग (य/ए) | १.समूहवाचक शब्दको पहिचान र प्रयोग<br>२. पेसा, नाता र गहना, बाजा सम्बद्ध शब्दको | कुराकानी स्वअनुशासन / अनुरोध /नेतृत्व संवेगात्मक प्रस्तुति /सद्भाव | १८ (५+१३ =१८) |

| क्र. स | क्षेत्र / विधा तथा विषयवस्तु | भाषिक सिप: सुनाइ तथा बोलाइ | भाषिक सिप: पढाइ | भाषिक सिप: लेखाइ | भाषिक पुनरुत्पादन: भाषिक संरचना | भाषिक पुनरुत्पादन: शब्दभण्डार | भाषिक पुनरुत्पादन: भाषिक प्रकार्य | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | मूल्यमान्यता पहिचान र कथन<br>३. सुनाइ र बोध<br>४. प्रश्नका आधारमा स्वसंस्कृति वर्णन<br>५. स्वअनुभवमा आधारित तार्किक प्रस्तुति<br>६. छलफल तथा विषयवस्तुको सारांश कथन | विषयबोध<br>५. सांस्कृतिक मूल्यमान्यता बोध | ५. ऐतिहासिक/ पौराणिक घटना घटनाको वर्णन<br>६. कथासार लेखन<br>७. कथापूरण<br>८. निर्देशित तथा स्वतन्त्र लेखन | | वर्गीकरण र<br>३. लघुतावाची शब्दको पहिचान र प्रयोग<br>५. प्राविधिक तथा पारिभाषिक शब्द पहिचान र प्रयोग<br>४. शिष्टाचारका शब्द पहिचान र प्रयोग<br>६. पाठगत शब्दको अर्थबोध र प्रयोग | | |
| ७. | संवाद (कला/ संस्कृति) | १. सुनाइ तथा विषयवस्तु बोध<br>२. सुनाइ र | १. गति, यति र समयको ख्याल गरी | १. घटनाक्रम लेखन<br>२. अनुलेखन | १. वर्तमान कालको पहिचान र | १.श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग | अनुमति र निर्देशन /स्वसंस्कृति | १३ (३+१० = १३) |

| क्र. स | क्षेत्र<br>विधा तथा विषयवस्तु | भाषिक सिप<br>सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक पुनरुत्पादन<br>भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुमान<br>३. सुनाइ र पद तथा पदावली पहिचान<br>४. संवेगात्मक सचेततासहितको सुनाइ र प्रस्तुति<br>५. प्रश्नोत्तर तथा छलफल<br>६. विषयवस्तुको सार प्रस्तुति | सस्वर पठन र गति वृद्धि<br>२. अङ्ग चेष्टा सहितको सस्वर पठन<br>३. आशय, सन्दर्भ र विषयवस्तुका आधारमा पठन<br>४. तर्क समर्थन र खण्डनमण्डन<br>५. विषयबोध र प्रश्नोत्तर | ३. प्रश्नोत्तर<br>४. सार लेखन<br>५. संवाद पूरण<br>६. संवाद लेखन<br>७. अवधारणाको चित्रात्मक प्रस्तुति (बारग्राफ वा वृक्षारेख) | प्रयोग<br>२. भूत कालको पहिचान र प्रयोग<br>३. भविष्यत् कालको पहिचान र प्रयोग<br>४. चन्द्रबिन्दु र शिरबिन्दुको पहिचान र प्रयोग<br>५. चिह्न प्रयोग (पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयसूचक र उद्धरण | २. समाजमा प्रचलित परिमाणबोधक शब्द पहिचान र प्रयोग<br>३. पाठगत शब्दको अर्थबोध र प्रयोग | वर्णन | |

| क्र. स | क्षेत्र<br>विधा तथा विषयवस्तु | भाषिक सिप<br>सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक पुनरुत्पादन<br>भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | चिह्न)<br>६. वर्णविन्यासको पहिचान र प्रयोग (श/ ष/स) | | | |
| ८. | संस्मरण वा नियात्रा | १. सुनाइ र पद तथा पदावली पहिचान<br>२. सुनाइ र सिलसिलेवार वर्णन<br>३. विषयवस्तुको स्वाभाविक वर्णन<br>४. बोलाइका क्रममा जिज्ञासा र उत्प्रेरणामूलक | १. समयबद्ध सस्वर पठन र गति वृद्धि<br>२. मौन पठन<br>३. द्रुत पठन<br>४. संरचना पहिचान<br>५. घटनाक्रम पहिचान<br>६. सूचना बोध<br>७. भित्तेपात्रो अध्ययन र | १. अनुलेखन र श्रुति लेखन<br>२. प्रश्नोत्तर<br>३. अनुच्छेद पूरण<br>४. स्थान वर्णन<br>५. चित्र वर्णन/ अवधारणाको चित्रात्मक प्रस्तुति<br>५. समस्या र समाधानमा आधारित वर्णन | १. कालका अपूर्ण र पूर्ण पक्षको पहिचान र प्रयोग<br>२. 'र' का विभिन्न रूपको पहिचान र प्रयोग<br>३. पञ्चम वर्णको पहिचान र | १. परम्परागत अभ्याससँग सम्बन्धित नापतौल तथा मुद्रासम्बन्धी शब्द पहिचान र प्रयोग<br>२ खेलकुद, फर्निचर र सवारी साधनसम्बद्ध शब्दको वर्गीकरण र | कृषिसम्बन्धी प्रयोजनपरक भाषिक सञ्चार /भूमिका निर्वाह /जिज्ञासा /कुराकानी | १३ (३+१० = १३) |

| क्र.स | क्षेत्र | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | विधा तथा विषयवस्तु | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | |
| | | शिष्ट भाषाको प्रयोग<br>५. विषयवस्तुका आधारमा अनुमान, कल्पना र धारणा प्रस्तुति | विषयवस्तु वर्णन | ६. शीर्षक वा बुँदाका आधारमा अनुच्छेद लेखन | प्रयोग<br>४. हलन्त र अजन्तको पहिचान र प्रयोग<br>५. पदक्रमको पहिचान र प्रयोग<br>६. वर्णविन्यासको पहिचान र प्रयोग (छ्य/क्ष) | प्रयोग<br>३. पाठगत शब्दको अर्थबोध र प्रयोग | | |
| ९. | दैनिकी | १. सुनाइ र पद तथा पदावली पहिचान<br>२. सुनाइ र सिलसिलेवार वर्णन | १. समयबद्ध सस्वर पठन र गति वृद्धि<br>२. मौन पठन<br>३. द्रुत पठन | १. लेखन ढाँचा र शैली अनुकरण<br>२. प्रश्नोत्तर<br>३. आफूले सोचेको वा | १. विभक्ति (ले, लाई, बाट, को, मा, देखि, द्वारा) को पहिचान र प्रयोग | १. सिङ्गो शब्द पहिचान र प्रयोग<br>२. पाठगत शब्दको अर्थबोध र प्रयोग | यात्रा वर्णन / लक्ष्य वर्णन /अनुमति र निर्देशन | |

| क्र. स | क्षेत्र | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | विधा तथा विषयवस्तु | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | |
| | | ३. दैनिक घटनाको वर्णन<br>४. भाषिक सञ्चारका क्रममा सान्दर्भिक भाषाको प्रयोग<br>५. विषयवस्तुका आधारमा अनुमान, कल्पना तथा वर्गीकरण<br>६. पहिचान गरिएका विषयवस्तुका बारेमा वर्णन | ४. प्रश्न निर्माण र उत्तर पहिचान<br>५. सन्दर्भ अनुकूलको विषय विशेषको वर्णन | अनुभव गरेको कुराको सिलसिलाबद्ध प्रस्तुति<br>४. दैनिकी लेखन<br>५. शब्द, शब्दावली वा शीर्षकका आधारमा विषय वर्णन | २. पदयोग र पदवियोगको पहिचान र प्रयोग | | | १३ (३+१० = १३) |
| १० | कविता (प्रकृतिपरक) | १. सुनाइ र अनुकरण | १. लयबद्ध पठन (समूह, युगल र | १. प्रश्नोत्तर<br>२. गद्यमा | १. पुरुष सङ्गति पहिचान र | १. पाठगत शब्दको अर्थबोध र | कृषिसम्बन्धी प्रयोजनपरक | |

| क्र.स | क्षेत्र | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | विधा तथा विषयवस्तु | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | |
| | | २. स्थानीय तहमा प्रचलित गीतको सुनाइ र गायन अभ्यास<br>३. विषयवस्तुमा आधारित प्रश्नोत्तर<br>४. छलफल र अन्तरक्रिया<br>५. पद्य रचना सुनी लयात्मक शब्द पहिचान र उच्चारण<br>६. धारणा तथा कल्पनाको अभिव्यक्ति | एकल)<br>२. सन्दर्भ बोध<br>३. पाठको विषयबोध र चित्रात्मक प्रस्तुति<br>४. ढाँचा, शैली पहिचान र लयबोध<br>५. चित्र, शीर्षक र विषयवस्तुको आधारमा अनुमान (पूर्व, तत्काल र पश्च)<br>६. पाठको सन्दर्भ, | रूपान्तरण<br>३. भाव लेखन<br>४. अनुलेखन<br>५. शब्द वा पदावली पूरण<br>६. निर्देशित पद्य रचना<br>७. श्रुतिरचना | प्रयोग<br>२. 'र' का विभिन्न रूपको पहिचान र प्रयोग<br>१. लिङ्ग र वचन सङ्गति पहिचान र प्रयोग<br>२. ह्रस्व इकार र दीर्घ ईकारको पहिचान र प्रयोग (पुनरावृत्ति)<br>१. पुरुष र आदरसङ्गति | प्रयोग<br>२. लय मिल्ने शब्दको पहिचान र प्रयोग | भाषिक सञ्चार | १६<br>(४+१२ = १६) |

| क्र. स | क्षेत्र | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | विधा तथा विषयवस्तु | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | भाषिक संरचना | शब्दभण्डार | भाषिक प्रकार्य | |
| | | | सन्दर्भ र विषयवस्तुको पूर्वानुमान | | पहिचान र प्रयोग<br>२. ह्रस्व उकार र दीर्घ ऊकारको पहिचान र प्रयोग (पुनरावृत्ति) | | | |

### ६.१.५. सिकाइ सहजीकरण प्रक्रिया

तह २ का लागि निर्धारित सक्षमता र सिकाइ उपलब्धि हासिल गर्नका लागि गरिने क्रियाकलाप सिकाइ सहजीकरण हो । भाषिक सिप र तिनमा आधारित प्रकार्य भाषा सिकाइका मुख्य आधार हुन् । भाषा सिकाइमा भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको सिकाइ हुन्छ । सिकाइ सहजीकरणमा पर्याप्त सिकाइ अवसर उपलब्ध गराउनुपर्छ ।

सिकाइ सहजीकरण प्रक्रिया सिकाइ र मनोविज्ञानका निश्चित प्रक्रिया अनुसरण गर्ने एक प्रकारको कला हो । सिकारुलाई भाषिक सिप सिकाइमा क्रियाशील बनाउन सहजकर्ताले विभिन्न निर्देशन र क्रियाकलापको प्रयोग गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धि, विषयवस्तुको स्वरूप, मनोविज्ञान, स्रोत साधनको उपलब्धता, सिकाइ वातावरण र सिकाइ सहजीकरण परिस्थिति, समय, सिकारुको क्षमता र रुचि जस्ता पक्षमा ध्यान दिनुपर्छ । यसका लागि देहायबमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्छ :

- सुनाइ र बोलाइ सिप विकासका लागि यसमा मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्ध एवम् दृष्टि निर्माणसम्बद्ध क्रियाकलापमा जोड दिने
- पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई भाषिक क्रियाकलापमा समावेश गर्ने
- सिकारुको व्यक्तिगत भिन्नता र सिकाइ क्षमताका आधारमा सिकाइलाई प्रोत्साहन गर्ने
- निरन्तर सिकाइमा जोड गर्ने
- सिकारुको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्ने

- प्रयोगात्मक पक्षमा जोड दिई सिक्ने अवसर प्रदान गर्ने
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्ने
- सिकाइ सहजीकरण गर्दा आवश्यकतानुसार द्विभाषिक र बहुभाषिक सिकाइ सहजीकरणका क्रियाकलाप अवलम्बन गर्ने ।

भाषिक सिप, संरचना तथा शब्दभण्डारसम्बद्ध सिकाइ सहजीकरणका सन्दर्भमा विकासका लागि निम्नानुसारका क्रियाकलाप सञ्चालन गर्नुपर्छ :

(क) भाषिक सिप

(अ) सुनाइ र बोलाइ सिप : वर्ण र वाक्य विभेदीकरण, लयबोध, श्रुतिरचना, श्रुतिबोध, सन्दर्भबोध, पाठको सुनाइका आधारमा प्रश्ननिर्माण, अनुमान, वस्तु वा घटना वर्णन, श्रुतिकथन, चित्रकथा वर्णन, विषयवस्तुको सार प्रस्तुति, सूचना ग्रहण र सन्देश प्रवाह, वादविवाद, नाटकीकरण

(आ) पढाइ सिप : सस्वर र मौन पठन, पठन गतिको मापन, शब्दार्थ बोध तथा पठन बोध, प्रश्नोत्तर, अनुमान, संरचना वर्णन, प्रश्नहरूको उत्पादन, घटना वर्णन र मिलान

(इ) लेखाइ सिप : अनुलेखन, श्रुतिलेखन, श्रुतिवर्णन, श्रुतिरचना, वस्तु तथा घटनाको वर्णन, यात्रा वर्णन, अनुभव वर्णन, पाठगत प्रश्नोत्तर लेखन, भावविस्तार, अनुच्छेद लेखन, सिर्जनात्मक तथा स्वतन्त्र लेखन

(ख) भाषिक संरचना र शब्दभण्डार

शब्द तथा भाषिक संरचना पहिचान, शब्द उच्चारण, अर्थबोध र प्रयोग, पर्यायवाची र विपरीतार्थी शब्दबोध र प्रयोग, करण तथा अकरण शब्द निर्माण तथा प्रयोग, पदसङ्गतिका आधारमा शब्द निर्माण तथा प्रयोग, चिह्न, काल र विभक्तिको पहिचान र प्रयोग

### ६.१.६. सिकारु मूल्याङ्कन

सिकाइका क्रममा प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गर्ने नियमित र निरन्तर प्रक्रिया नै सिकारु मूल्याङ्कन हो । सिकारु मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक दुवै उद्देश्यले गरिन्छ । सिकारुको भाषिक क्षमतास्तर आकलन र भाषा सिकाइको प्रभावकारिता पहिल्याउन प्रयोग गरिने मुख्य साधन नै मूल्याङ्कन हो । शिक्षण सिकाइमा सुधार ल्याउने र कक्षोन्नति गर्ने उद्देश्यले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गरिन्छ । निर्माणात्मक मूल्याङ्कन सुधारात्मक वा रचनात्मक हुन्छ । यसको मुख्य उद्देश्य सिकारुका कमीकमजोरी समयमै पत्ता लगाई सिकाइमा सुधार ल्याउनु हो । तह २ मा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा सिकारुको सिकाइ सुनिश्चित गरिन्छ ।

निर्माणात्मक मूल्याङ्कनमा साक्षत्कार कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, व्यावहारिक परिवर्तनको अवलोकन, सिर्जनात्मक कार्य, साक्षत्कार कक्षा सहभागिता र सक्रियता, लिखित तथा मौखिक प्रश्नोत्तर, कार्य प्रदर्शन, घटनावृत्त अभिलेख, आत्ममूल्याङ्कन, हाजिरीजवाफ, उपलब्धि परीक्षा, सहपाठी मूल्याङ्कन, अभिभावक सम्पर्क, पोर्टफोलियो, अध्ययन भ्रमण, विद्युतीय सञ्चार माध्यममा प्राप्त सान्दर्भिक सामग्रीको खोजी र प्रस्तुति जस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ । मूल्याङ्कनका क्रममा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सिप तथा भाषिक संरचना, शब्दभण्डार र अभिव्यक्ति पक्षको परीक्षण गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा प्रयोग गरिने साधनहरूबाट प्राप्त सूचनाहरूलाई अभिलेखीकरण गर्नुपर्छ ।

(क) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक सिकारुको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| क्रसं | मूल्याङ्कनका क्षेत्र | भार |
|---|---|---|
| १. | साक्षत्कार कक्षा सहभागिता | ४ |
| २. | सुनाइ तथा बोलाइ | १६ |
| ३. | पढाइ | १० |
| ४. | लेखाइ | १० |
| ५. | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

उल्लिखित तालिकाका नं. १ देखि ४ सम्मका क्षेत्रगत क्रियाकलाप साक्षत्कार कक्षा सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्छ । उक्त क्रियाकलापलाई गृहकार्य र परियोजना कार्यका रूपमा घरमा सम्पादन गरेका कार्यको अवलोकन र अभिलेखका आधारमा निर्माणात्मक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गरी त्यसको अभिलेख पनि राख्नुपर्ने छ ।

उल्लिखित कार्य गर्दा सहजकर्ताले निम्नानुसारका कार्य र तिनको विस्तृतीकरणलाई उपयोग गरी सिकाइ भएको सुनिश्चितता गर्नुपर्छ :

| १. सुनाइ, बोलाइ र लेखाइ | | | |
|---|---|---|---|
| (क) | सुनाइ र लेखाइ | श्रुतिबोध/ लेखन | (क) ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, ऋ/रि, छ/क्ष प्रयोग भएका पाठ्यपुस्तकभित्रका २० ओटा शब्दका आधारमा श्रुतिबोध/लेखन |
| | | | (ख) ५० शब्दसम्मको कुनै एक अनुच्छेद (दृष्टांश) का आधारमा श्रुतिबोध/लेखन |
| (ख) | बोलाइ | मौखिक प्रतिक्रिया तथा वर्णन | कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई मौखिक प्रतिक्रिया तथा वर्णन |

| | | | |
|---|---|---|---|
| **२. पढाइ** | | | |
| (क) | पठन अभ्यास | शब्दोच्चारण | (पाठमा प्रयुक्त नयाँ २४ ओटा शब्दको उच्चारण |
| | | सस्वरवाचन | पाठभित्रका ६० शब्दसम्मका गद्यांश वा लयबद्ध पाठका दुई श्लोक गति, यति मिलाई भावअनुसार सस्वर पठन |
| | | प्रवाह | तोकिएको समयमा गति, यति र हाउभाउसहित पाठ पठन |
| (ख) | पठनबोध | अनुमान | कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई पूर्व, अनुमान र पश्च अनुमान |
| | | सूचना प्रयोग | तथ्य, तथ्याङ्क, मिति, पात्रलगायतका विषयवस्तुको उपयोग |
| | | छलफल तथा प्रश्नोत्तर | विषयवस्तुको बोध तथा अभिव्यक्तिका लागि प्रयोग |
| | | वर्णन | निर्धारित विषयवस्तुका आधारमा अभिव्यक्ति |
| | | सार निर्माण | विषयवस्तुको सार कथन |
| | | तुलना र परीक्षण | विषयवस्तुलाई स्वअनुभव तथा सिकाइका आधारमा मिले नमिलेको दाँज्न |
| | | विषय विस्तार | विषयवस्तुको विश्लेषण |
| **३. लेखाइ** | | | |
| (क) | लेखन अभ्यास | अनुलेखन | मुद्रित तथा लिखित विषयवस्तु बान्की र हिज्जे मिलाई विषयवस्तुको पुन: लेखन |

| | | | |
|---|---|---|---|
| | | श्रुतिलेखन | विभिन्न माध्यमबाट विषयवस्तु सुनी बान्की र हिज्जे मिलाई विषयवस्तुको लेखन |
| | | निर्देशित लेखन | प्रश्न, बुँदा र निर्देशनमा आधारित क्रियाकलाप |
| | | स्वतन्त्र लेखन | स्वतन्त्र अभ्यास वा रचना |

(ख) **बाह्य मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि सिकेका सबै पाठबाट समेटिएको हुनुपर्ने छ । । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप सिकारुहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्नानुसारको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

**भाषिक सिप (पढाइ र लेखाइ) मूल्याङ्कन**

| क्रसं. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षण गर्ने पक्ष | अङ्कभार |
|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ र शब्द पहिचान | ४ |
| | | शब्दहरूको वाक्यमा प्रयोग | २ |
| २. | वर्णविन्यास | शुद्धीकरण | ३ |
| ३. | भाषिक संरचना | शब्दवर्ग पहिचान | २ |
| | | विभक्ति पहिचान | २ |
| | | पदसङ्गति | २ |
| | | काल र पक्ष पहिचान | ३ |

| क्रसं. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षण गर्ने पक्ष | अङ्कभार |
|---|---|---|---|
| ४. | बोध (दृष्टांश) | विभिन्न विधाका गद्य सामग्री | ४ |
| ५. | निर्देशित रचना | बुँदाका आधारमा कथा/जीवनी लेखन | ४ |
| ६. | व्यावहारिक लेखन | घरायसी चिठी/निवेदन | ४ |
| ७. | पाठगत प्रश्नोत्तर | वस्तुगत प्रश्नोत्तर (खाली ठाउँ भर्ने/ठिक बेठिक छुट्याउने) | २ |
| | | अति सङ्क्षिप्त प्रश्नोत्तर | ५ |
| ८. | भावविस्तार | कविता, कथा, जीवनी, प्रबन्ध/निबन्ध | ४ |
| ९. | पाठगत बोध | सन्दर्भमा आधारित सङ्क्षिप्त उत्तरात्मक | ४ |
| १० | स्वतन्त्र लेखन | निबन्ध, संवाद, अनुच्छेद रचना | ५ |
| जम्मा | | | ५० |

## 6.2 English Language

### 6.2.1 Introduction:

The English language is a global lingua franca and is an appropriate international language for Nepal to be connected with the global community. It is not only a language to facilitate international communication but also a language of higher education, mass media, information and communication technology (ICT), business, tourism, science and medicine. In the context of Nepal, English is necessary for various purposes. To be specific, our learners should study English as a second language to participate in classroom interactions; to study course materials; to read things for pleasure and general information; to gain access to the world body of knowledge; and to read and enjoy a wide range of literary texts. English language knowledge will also help learners in the future to participate in international meetings, seminars and conferences; to communicate with foreigners in general; to enhance their career development; to appreciate movies, plays, talks, radio and television programmes, and many more. English is taught as a compulsory subject from grade one to the bachelor's level in Nepal. The Curriculum Development Centre (CDC) has developed the National Curriculum Framework (NCF), 2019 to address the changed socio-political condition of the country and the current needs of the learner. Following the structure of NCF, this curriculum has been designed for level 2 education in Nepal with a view of building on the English language knowledge and skills that children gained through Level 1 and continuing to develop a basic foundation for their further studies in and through English which includes more advanced vocabulary, grammar, syntax and communication skills. Moreover, it aims at developing a comprehensive communicative competence on the part of the learners. It also includes the language functions which the students need for real life communication and further studies. The major focus of this curriculum is on English language skills, specifically the interconnection between listening, speaking, reading and writing. This curriculum is based on the principle that children learn English better when they get ample exposure to spoken and written English and sufficient opportunity to use it in stress-free environment. Therefore, it expects the child-friendly learning facilitation process from the teachers.

### 6.2.2 Competencies for Level-2

By the end of Level -2, students will have developed the following competencies.

a. Listen and respond to familiar everyday expressions in English.

b. Comprehend and follow slowly and carefully articulated simple speeches on familiar topics.

c. Communicate ideas, opinions and emotions orally in various personal and local situations.

d. Respond to basic language functions.

e. Read varieties of simple texts on familiar topics for understanding and pleasure.

f. Show good control over basic vocabularies.

g. Write short and simple sentences to create a text.

h. Be familiar with English sounds and their structures.

i. Show an understanding of basic English grammar.

### 6.2.3 Learning outcomes

By the end of level-2, the students will be able to:

| Listening | Speaking | Reading | Writing |
|---|---|---|---|
| 1. Understand slow and carefully articulated English.<br>2. Recognize familiar words and basic phrases and expressions relating to themselves, | 1. Ask and answer simple questions on familiar topics.<br>2. Use appropriate vocabulary, phrases and sentences to introduce themselves | 1. Read and retrieve specific information (e.g., time place, person, date) from short simple texts.<br>2. Comprehend the content of simple | 1. Copy out short texts presented in standard printed format.<br>2. Write descriptions of everyday objects, pictures, and familiar topics |

| Listening | Speaking | Reading | Writing |
| --- | --- | --- | --- |
| family and immediate surroundings.<br>3. Follow short simple instructions and directions.<br>4. Understand simple spoken descriptions about people, places and objects.<br>5. Respond to simple questions on familiar topics.<br>6. Listen and understand to a narrative containing an event and two exchanges. | and others.<br>3. Ask and answer questions about themselves, other people and their surroundings.<br>4. Communicate in a simple way that involves repetition, rephrasing and self-correction.<br>5. Initiate and respond to simple statements on familiar topics.<br>6. Use numbers, quantities, cost and time while speaking.<br>7. Give simple description of people, places, objects, pictures and | informational materials with or without the help of visual support.<br>3. Read and follow short and simple written instructions.<br>5. Read and understand simple stories.<br>6. Make simple inferences from reading materials.<br>7. Read and understand simple poems.<br>8. Use context clues and reading comprehensio n strategies to guess the meaning of unfamiliar words from contexts.<br>9. Consult an English | using simple words, phrases, and sentences<br>3. Write short and simple sentences about likes and dislikes, family, school activities, free time activities, and other familiar topics.<br>4. Write simple paragraphs about themselves and on familiar topics.<br>5. Write short simple postcards, messages, notes, letters/ e-mails.<br>6. Write date, name, nationality, address, age, date of birth |

| Listening | Speaking | Reading | Writing |
| --- | --- | --- | --- |
| | actions.<br>8. Narrate short and simple stories.<br>9. Express agreement or disagreement with someone using simple phrases.<br>10. Participate in a variety of simple Conversations on familiar, real-world topics.<br>11. Respond to rhymes and songs having simple structures and rhyming patterns.<br>12. Recognize and use English sound structures (phonological awareness) | dictionary to look up the meaning of unfamiliar words.<br>10. Decode phonetically regular and irregular words using letter sound knowledge. | on a registration form.<br>7. Link words or sentences with basic connectors (and, but, because, so).<br>10. Use basic punctuation marks correctly.<br>11. Write short and creative stories using of appropriate grammar, syntax and sentence ordering).<br>12. Write simple poems and stories. |

#### 6.2.4 Scope & Sequence of Contents

| SN | Language Functions | Exponents /Structures /Contents | | | Direct Credit hour | Self-initiated credit hour |
|---|---|---|---|---|---|---|
| | | Listening and Speaking | Reading and Writing (examples of themes ) | Grammar | | |
| 1 | Greeting, introducing and leave taking | Hello! My name is ……. <br> Good morning. My name is …… I'm from …… <br> May I introduce myself? <br> My name is …….. I'm from ………….. <br> Meet my friend, …….She is from …….. <br> Goodbye! Have a nice day! | Reading: <br> First day at school <br> A short poem <br> Writing: <br> Completing a registration form <br> A profile <br> Writing about a friend <br> Punctuation: full stop and capitalization. | Present simple <br> Prepositions of time (on, in, at) | 2 | 7 |
| 2 | Expressing possession | This is our school. It's ours. <br> It's their book. It's | Reading: <br> Personal belongings <br> A short poem | Possessive adjectives <br> Personal pronouns | 2 | 7 |

| SN | Language Functions | Exponents /Structures /Contents | | | Direct Credit hour | Self-initiated credit hour |
|---|---|---|---|---|---|---|
| | | Listening and Speaking | Reading and Writing (examples of themes ) | Grammar | | |
| | | theirs.<br>Do you like my shirt? | Writing: A short note, messages | Vocabulary: household, school, and other common objects | | |
| 3 | Asking for informatio n | Excuse me, what are you looking for?<br>Can you tell me its price?<br>Can you tell me an interesting place in Nepal?<br>Excuse me! Do you know where Manakaman a is?<br>Where are you from? | Reading:<br>Schedules and timetables Rules and regulations<br>Reading dialogues<br>Interviews<br>Writing:<br>Classroom rules<br>Write survey questions<br>Write simple stories or conversation with dialogues<br>Punctuation: question mark | Adverbs of frequency<br>Asking questions | 2 | 7 |
| 4 | Requesting and | Can you help me? Could | Reading: | Past simple of verbs | 2 | 7 |

| SN | Language Functions | Exponents /Structures /Contents | | | Direct Credit hour | Self-initiated credit hour |
|---|---|---|---|---|---|---|
| | | Listening and Speaking | Reading and Writing (examples of themes ) | Grammar | | |
| | apologizing | you open the door please? Sure. Yes, of course. I'm sorry. I'm busy. | Story<br>A letter<br>Writing: A letter | Negation | | |
| 5 | Expressing quantity | There are many/a lot of/ books.<br>There isn't much rice left.<br>I've got / I have /three books.<br>I need five kilos of rice.<br>We buy a litre of milk every day.<br>I eat an apple a day. | Reading:<br>At a market<br>A story<br>Writing: A paragraph using quantity vocabulary<br>Punctuation: exclamation mark | Uncountable nouns<br>How much/how many<br>Articles: A/an<br>Using vocabulary related to going to the market, food, and drinks. | 2 | 7 |
| 6 | Congratulating ng and thanking | Congratulations!<br>Congratulations on your | Reading:<br>Congratulatory message<br>Thank you | Adverbs | 2 | 7 |

| SN | Language Functions | Exponents /Structures /Contents | | | Direct Credit hour | Self-initiated credit hour |
|---|---|---|---|---|---|---|
| | | Listening and Speaking | Reading and Writing (examples of themes ) | Grammar | | |
| | | success!<br>Well done! Good job!<br>Thank you. Thanks a lot.<br>Thank you so much. | note.<br>Writing: Congratulatio n message | | | |
| 7 | Making comparison | he is younger than me. This exercise is more difficult than the last one. Mt. Everest is the tallest mountain in the world. | Reading: A factual text<br>A short poem<br>Writing: Paragraphs using comparatives and superlatives | Comparatives and superlatives Articles | 2 | 7 |
| 8 | Describing location | The poster is on the wall. The chair is in front of the table. The plane is flying over the mountain | Reading:<br>A famous place<br>Story<br>Writing: Description of a place | Prepositions of location | 2 | 7 |

| SN | Language Functions | Exponents /Structures /Contents | | | Direct Credit hour | Self-initiated credit hour |
|---|---|---|---|---|---|---|
| | | Listening and Speaking | Reading and Writing (examples of themes ) | Grammar | | |
| | | The girl is sitting next to her father. She is standing between her parents. Jumla lies in the Karnali province. | | | | |
| 9 | Stating facts and truths | The Earth is round. The moon goes round the Earth. Water is a liquid substance. | Reading: Factual text (birds, animals, invention) A short poem Writing: A paragraph | Present simple (including negative) | 2 | 7 |
| 10 | Giving instructions and directions | Open your book. Talk to your friend. Go straight. Turn left. Walk along the road. The school is on your | Reading: A map with the directions A recipe Writing: Tasks on giving | Imperatives (affirmative and negative) Prepositions of direction | 2 | 7 |

| SN | Language Functions | Exponents /Structures /Contents | | | Direct Credit hour | Self-initiated credit hour |
|---|---|---|---|---|---|---|
| | | Listening and Speaking | Reading and Writing (examples of themes ) | Grammar | | |
| | | right. | directions<br>A recipe | | | |
| 11 | Narrating past events | When Puja woke up, it was raining. Then, she walked out of her room and started playing /in/ with /the mud. | Reading:<br>A story<br>A biography<br>Writing: Completing a story<br>Describing special event<br>Punctuation: comma | Past simple<br>Past continuous | 3 | 7 |
| 12 | Asking for and giving reasons | Why are you late? I didn't speak to her because she ignored me. | Reading: A story<br>An e-mail messages<br>Writing: A message/personal letter/ e-mail | And, but and because | 3 | 7 |
| 13 | Describing people and places | Dhaniya is a slim girl. She is 12 years old. She has | Reading:<br>Famous people/places<br>A simple | Adjectives: common and demonstrative Present | 3 | 7 |

| SN | Language Functions | Exponents /Structures /Contents | | | Direct Credit hour | Self-initiated credit hour |
|---|---|---|---|---|---|---|
| | | Listening and Speaking | Reading and Writing (examples of themes ) | Grammar | | |
| | | long hair and a short nose. Pokhara is a beautiful valley. | brochure<br>Writing: Description of a person/place | continuous | | |
| 14 | Expressing likes and dislikes | I like dancing but I don't like singing. I enjoy going shopping. I hate dancing in groups. She likes singing | Reading:<br>Hobbies and interests<br>A short poem<br>Writing: A paragraph on hobbies and interests | Verb + ing (like/hate/enjoy/ love, dance, clean, study etc.) | 3 | 7 |
| 15 | Expressing ability | Gaurav can play the flute. Binita can't speak Chinese. When she was in Germany, she could speak German. | Reading:<br>Sports<br>A short poem<br>Writing: A paragraph | Modals (Can, can't, could, couldn't) | 3 | 7 |
| 16 | Agreeing and | What do you think about | Reading: | Questions | 2 | 8 |

| SN | Language Functions | Exponents /Structures /Contents | | | Direct Credit hour | Self-initiated credit hour |
|---|---|---|---|---|---|---|
| | | Listening and Speaking | Reading and Writing (examples of themes ) | Grammar | | |
| | disagreeing | that? I agree with you. That's true. I disagree. That's not always true. | A story<br>A short poem<br>Writing: A short paragraph | Basic intensifiers | | |
| 17 | Talking about future plans | I'm going to sing a song. What are you going to do on the school anniversary? Will you go to Kathmandu tomorrow? | Reading:<br>A letter<br>A short poem<br>Writing: Messages/e-mails | Going to future Simple future | 3 | 7 |
| **Total** | | | | | **40** | **120** |

### 6.2.5 Learning Facilitation Process

The learning facilitation process is directly associated with effective teaching and learning. There are many ways of facilitating students' learning which English language teachers can employ in the classrooms. They are expected to use a variety of teaching methods and techniques in order to help students learn the language meaningfully and effectively. Learning facilitation is crucial to achieving the curricular goals.

1. **Principles of Learning Facilitation:**

The learning facilitation process for the English subject at these grades should follow the following principles:

a. **Fun and engagement**: A great way to help students learn a language is to make it fun. When teachers use activities that engage learners in a fun way, they are more willing to participate in various tasks and activities both inside and outside the classroom.

b. **Communicative activities:** Learning English at these grades is primarily for communication. Activities that promote listening and speaking skills can help learners to express themselves accurately and fluently in different situations. Oral language skills are also linked to learners' abilities to read and understand written texts (reading comprehension) and their ability to write comprehensibly. Thus, an English class should include lots of activities that actively engage learners in real-life communicative tasks and activities.

c. **Exposure:** Effective language learning depends on the amount of exposure the students get so the teachers should provide ample opportunities for the students to participate in various student-centered English language learning activities. Teachers need to use English that is suitable for this level and avoid direct translation until it is necessary. Consider different teaching and learning aids that can be used to improve students' comprehension of English before resorting to direct translation. These can include pictures, objects, actions, and gestures.

d. **Personalization:** Personalization takes place when activities allow students to use language to express their own ideas, feelings and

opinions, and are able to connect language learning to prior knowledge and skills. It ensures true communication as learners communicate real information about themselves.

e. **Meaningful content and language integrated learning**: Meaningful content relating to the familiar, real-world situations that learners experience can help them comprehend not only the content but also the accompanying language. Integrating content and language is a clear departure from mere communication towards a meaningful understanding of the language as a vehicle. Teachers should help students draw connections to their everyday lives and experiences when learning the English language.

f. **Diversity as a resource:** Exploiting diversity as a resource in classrooms with learners from multilingual and multi-cultural backgrounds helps not only in the teaching and learning process but also in creating social cohesion. Content from diverse contexts establishes the pluralistic concept first in the classroom and later in the real world.

g. **Maximum use of audiovisual aids:** The use of audiovisual aids makes learning fun and lively. They can equally contribute for improving pronunciation, communication and students' confidence. So audio visual aids such as radio, tape recorder, digital learning contents and reference learning videos related to English language should be used.

h. **Warmth, love and affection:** Students learn best in the environment with warmth, love and affection. The feeling of warmth, love and affection in the students creates safe and homely

environment in the classrooms. Classroom rules and routines that promote inclusion, respect, and appreciation for all learners can contribute to creating an enabling environment for learning.

i. **Learning through information and communication technology (ICT)**: With the advent of ICT, language learning has become more accessible to learners. Digital technologies allow learners to access learning materials from anywhere and anytime according to their needs and interests. The effective and efficient use of ICT tools in language pedagogy and learning develops learner's autonomy in different ways.

j. **Student-centered learning to promote Learner autonomy:** Students learn better when they have autonomy, can be collaborative, and are actively engaged in their own learning. Teachers should act in the role of facilitator to encourage strategies that promote learner autonomy for example self-correction, peer review and correction, pair or group learning, and self-learning.

## 2. Methods, Techniques and Activities

Based on the above-mentioned pedagogical principles, teachers can use various methods, techniques and activities to achieve learning outcomes and develop competencies in students as envisioned by the curriculum. The list below contains some useful examples of methods, techniques and activities that can be employed in the classrooms.

- Question answer
- Games
- Demonstration
- Personalization

- Think, pair, share (TPS)
- Individual work
- Pair work
- Group work
- Use of pictures/flashcards
- Use of chants and rhymes
- Role play/dramatization
- Drilling
- Story telling
- Reading aloud
- Cued dialogue
- Use of audios/videos
- Sentence starters
- Silent reading
- Dictation
- Copying
- Controlled writing
- Guided writing
- Free writing
- Quizzes
- Puzzles

### 6.2.6 Student Assessment

Assessment is an integral part of teaching and learning process. It assesses not only the students' performance but also provides feedback to the teachers so that they can make improvement in their teaching. Both formative and

summative assessment should be carried out to assess students' learning. Formative assessments are formal or informal assessment strategies to continuously check student understanding of content. The main purpose of using formative assessments is to track student learning progress, identify specific student needs, and adapt teaching strategies to improve students' learning. Some tools for formative assessment can be- classroom activities and classroom tasks, observation of students' work and performance, homework, project work, oral and written tests, unit and trimester examinations, self and peer assessment, questioning, and so on. Summative assessments are formal assessments used at certain points in the academic calendar to measure students' learning levels against learning goals. Internal assessment will take the form of both formative and summative assessments, while external assessment will take the form of summative assessment.

**1. Internal Assessment**

Internal assessment are classroom based remedial assessment process consists of several components. The facilitatior should maintain a portfolio of each student. The portfolio consists of the details on students' performance in different assessment areas given in the table below. The record of students' project work or other proof of the students' performance should be kept in their portfolios. The allocation of weightage to each of the assessment areas will be as specified:.

| SN | Assessment areas | Weightage |
|---|---|---|
| a. | Participation (Attendance - 2 and students' performance in teaching and learning activities - 2) | 4 |

| | | |
|---|---|---|
| b. | Reading and writing (Each skill carries 50% weightage) | 16 |
| c. | Listening and speaking (Each skill carries 50% weightage) | 20 |
| d. | Terminal test | 10 |
| **Total weightage** | | **50** |

Formative assessments in each of the areas from a to c from the above table should be done on a regular basis to track student progress and make adjustments to teaching and learning activities. For the purpose of keeping record of the continuous assessment, a summative assessment should be done on completion of every four units.

**Rating Scale**

The assessment regarding participation, reading and writing; and listening and speaking should follow the rating scale as given in the table below.

| Level | Rating | Description | | |
|---|---|---|---|---|
| | | Participation | Reading and writing | Listening and speaking |
| Below Basic | 1 | a. Below 75% of attendance<br>b. Very little participation in the tasks | Able to attempt very few tasks correctly | Able to attempt very few tasks correctly. |
| Basic. | 2 | a. 75% to 80% of attendance<br>b. A little participation | Able to do 30% to 50% of the given | Able to do 30% to 50% of the given |

| Level | Rating | Description | | |
|---|---|---|---|---|
| | | Participation | Reading and writing | Listening and speaking |
| | | in the tasks | tasks correctly | tasks correctly |
| Above basic | 3 | a. 80% to 85% of attendance<br>b. Participation in classroom activities is good | Able to do 50% to 70% of the given tasks correctly. | Able to do 50% to 70% of the given tasks correctly. |
| Proficient | 4 | a. 85% to 90% of attendance.<br>b. Participation in classroom activities is appreciable. | Able to do more than 90% of the given tasks correctly. | Able to do more than 90% of the given tasks correctly. |

**Suggested Tasks for Reading and Writing**

Facilitators have to prepare reading and writing assessments themselves and these assessments should align with the content that students have already learned and practiced. The tasks should cover the learning outcomes of the assessment period. The table below provides a guideline for the teachers to design reading and writing tasks for internal assessment.

| Reading tasks | Writing tasks |
|---|---|
| 1. A reading text with reading comprehension questions: True/False, Fill in the gaps, Multiple choice, Matching items, Ordering, | 1. A writing task that covers the mechanics of writing: punctuation, spelling and capitalization. The task should also cover vocabulary and |

| Reading tasks | Writing tasks |
| --- | --- |
| Short answer questions.<br>2. Ask students to read a short story in English (borrow the story book from library or somebody else) and retell the story in their own words to the whole class.<br>*(Note: Choose different types of short authentic texts and design test items that consist of comprehension processes such as; literal comprehension, reorganization and simple inference. The reading tasks should cover the type of texts dealt with within the assessment period.)* | grammar that students have already learned.<br>2. A short paragraph.<br>3. A description of a person/place/thing.<br>4. A personal letter.<br>5. A message/an e-mail.<br>*(Note: The tasks chosen for the assessment of students' learning should be among the tasks they have practised within the assessment period.)* |

**Suggested Tasks for Listening and Speaking**

Teachers need to prepare appropriate listening and speaking assessments themselves, and these assessments should align with the content students have already learned and practiced. The tasks should also assess the learning outcomes of the assessment period. The suggested tasks for testing listening and speaking skills are given below.

a. Ask students to listen to a piece of news on the radio and/or television and summarize orally two or three points of information that they heard.

b. Carry out a short interview with their peers.

c. Ask students to talk to each other in pairs on the given situations. (Choose the situations that the students have practised in the assessment period.) Observe students as they speak.

**d. Use the tasks as suggested in the table below.**

| Listening tasks | Speaking tasks |
|---|---|
| • Listen to a series of instructions and respond<br>• Listen to short statements, paragraphs or texts and draw pictures to match what they heard<br>• Listen and answer questions about what they heard<br>• Dictation<br>(The teacher can use a recorded audio or his/her own voice for testing students' listening skill. The test items for 'listen and answer' can be true/false, multiple choice, fill in the blanks or matching items focusing on literal understanding, reorganization and simple inference.) | • Question answer<br>• Describing a picture<br>• Describing people/place/object<br>• Reading aloud<br>• Talking about oneself<br>• Short interview<br>(Teachers need to assess accuracy and fluency.) |

***Note:*** *Facilitatiors should consider adaptations to assessments that are needed for students with impairments, for example, visual, hearing or mobility. Students should be given the opportunity to demonstrate their content knowledge in a manner that is comfortable to them. Alternative tests like reading comprehension tasks, writing a description of pictures, picture-based assessments, project-based assessments or others can be given. Teachers should also provide students with cognitive disabilities additional time to take and complete assessments and assignments if needed.*

**Internal Assessment Record Form**

| S. N. | Student's Name | Assessment 1 | | | Assessment 2 | | | Assessment 3 | | | Assessment 4 | | | Average | | | Total | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | PAR | RW | LS | PAR | RW | LS | PAR | RW | LS | PAR | RW | LS | PAR | RW | LS | PAR (average x 0.8) | RW (average x 3.2) | LS (average x 4) |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

*(PAR: Participation, RW: Reading and Writing test, LS: Listening and Speaking test)*

- Score 1 to 5 in each column from Assessment 1 to 4 for each student according to the 5- point rating scale.

- Average = Sum of scores (1 to 5) attained by the students in each aspect/Number of assessments (4)
- Calculating total: PAR= average X 0.8, RW = average X 3.2, LS = average X 4

The students' scores in each of the trimester examinations should be converted to the weightage (5 marks). The formula for converting the score is: score/full marks X weightage (5) and the scores should be recorded in a form. The following form will have the students' score in different aspects of internal assessment.

| S. N. | Student's name | Participation (4) | Reading and writing (16) | Listening and speaking (20) | Trimester examinations | | | Grand Total |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | First (5) | Second (5) | Total (10) | |
| 1 | | | | | | | | |
| 2 | | | | | | | | |
| 3 | | | | | | | | |
| | | | | | | | | |

**External Assessment**

The external assessment will take the form of final examination and is based on the written test which covers reading and writing skills. Grammar is incorporated in writing section. The test follows the following test specification chart.

| Reading (25 marks) | Writing (25 marks) |
|---|---|
| Assessment of reading skill follows the following structure:<br>1. Reading 1: One short reading text from textbook with one type of comprehension question (5 marks)<br>2. Reading 2: One short reading text from textbook with one type of comprehension question. (5 marks)<br>3. Reading 3: One short reading text not given in the textbook with one type of comprehension question. (5 marks)<br>4. Reading 4: One short reading text not given in the textbook with two types of comprehension questions. (10 marks)<br>• Text types for reading 3 and 4 will be of any two from story, essay, timetable, schedule, menu, chart, | Assessment of writing skill follows the following structure:<br>1. Punctuation: A short and simple paragraph containing ten punctuation errors that students need to identify. (5 marks)<br>2. Controlled writing: A short and simple paragraph where students are required to fill in with the words given in a separate box. The omitted words should be noun, pronoun, adjective, adverb and verb. (5 marks)<br>3. Guided writing: Writing a short paragraph based on the given clues (text or pictures). (5 marks)<br>4. Free writing: A personal letter/an email or leave application or a paragraph describing a picture, place or thing. (5 marks)<br>5. Grammar: 5 marks<br>Multiple choice questions (with three to four alternatives) covering any five of the following contents will be included in grammar: |

| Reading (25 marks) | Writing (25 marks) |
|---|---|
| calendar, notice and letter.<br>• Length of the reading texts should not exceed 150 words.<br>• Question types for the reading test will be:<br>✓ True/False<br>✓ Fill in the gaps<br>✓ Multiple choice<br>✓ Matching<br>✓ Ordering<br>✓ Short answer questions<br>Types of items should not be repeated. There should be at least one reorganization and one simple inferential question in each reading task. Reading task 4 should include the testing of vocabulary.) (Each question carries 1 mark) | • Articles<br>• Prepositions<br>• Tense<br>• Connectives<br>• Pronouns<br>• Adjectives<br>• Questions<br>• Comparatives and Superlatives<br>• Adverbs<br>• Modals |

## ६.३ गणित

### ६.३.१ परिचय

गणितीय ज्ञान र सिपले मानिसको दैनिक जीवनमा प्रयोग हुने हिसाबहरूलाई सही रूपमा प्रयोगमा ल्याउन सहयोग गर्दछ । यसले वैज्ञानिक अन्वेषण, अनुसन्धान, सूचना तथा प्रविधिको प्रयोगका सम्बन्धमा समालोचनात्मक सोचको विकास गर्न र तार्किक निर्णय दिने क्षमता विकास गर्नमा पनि महत्त्वपूर्ण भूमिका खेल्दछ । त्यसै गरी ज्ञान, विज्ञान र प्रविधिमा भएको विकास र नवप्रवर्तनलाई आफ्नो सन्दर्भसापेक्ष प्रयोग गर्ने सक्षमता हासिल गरी प्रविधिमैत्री समाज विकासमा गणितको भूमिका अझ महत्त्वपूर्ण छ । विद्यालय तहमा गणित विषयको पाठ्यक्रमको मुख्य उद्देश्य गणितीय ज्ञान, सिप, अभिवृत्ति तथा सक्षमता विकास गरी दैनिक जीवनका व्यावहारिक समस्या समाधान गर्न सक्षम बनाउनु हो ।

तह २ को पाठ्यक्रमलाई औपचारिक शिक्षाको उद्देश्यअनुसार नै समान स्तरको बनाउन महत्त्वपूर्ण पक्षहरू नछुट्ने गरी संसलेषण गरिएको छ । यसै सन्दर्भमा यस पाठ्यक्रममा विद्यार्थीको क्षमता, उमेर तथा स्तरअनुकूल हुने गरी दैनिक जीवनका व्यावहारिक समस्या समाधान गर्न, समालोचनात्मक तथा तार्किक क्षमताको विकास गर्न सहयोग पुग्ने र माथिल्लो तहको सिकाइको तयारीका लागि आवश्यक पर्ने विषयवस्तुहरू समेटिएका छन् । यस पाठ्यक्रममा ज्यामिति, अङ्कगणित, नाप, तथ्याङ्कशास्त्र र बीजगणितसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएका छन् । गरेर सिक्ने सिद्धान्तमा आधारित भई व्यावहारिक र प्रयोगात्मक पक्षलाई ध्यान दिनुपर्ने कुरामा यस पाठ्यक्रमले जोड दिएको छ । विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई पनि बढी वस्तुगत र व्यावहारिक बनाउने प्रयास गरिएको छ । व्यावहारिक र प्रयोगात्मक सिकाइले विद्यार्थीहरूमा गणित प्रतिको रुचि, चाहना अभिवृद्धि भई पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू हासिल हुन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### ६.३.२ समक्षमता

(क) रेखा तथा कोणहरूको नाप र रचना एवम् ठोस वस्तुहरूको विभिन्न भागहरूको पहिचान

(ख) देवनागरी र हिन्दु अरेबिक अङ्कमा करोडसम्मका सङ्ख्याहरूको गणना र प्रयोग

(ग) जोड, घटाउ, गुणन र भाग समावेश भएका दैनिक जीवनका गणितीय समस्या समाधान

(घ) भिन्न, दशमलव र प्रतिशतसम्बन्धी सरल व्यवहारिक समस्याहरूको समाधान

(ङ) नाप सम्बन्धी दैनिक जीवनसँग सम्बन्धित व्यावहारिक समस्याहरूको समाधान

(च) तालिका र चित्रको आधारमा जानकारी आदानप्रदान एवम् निर्माण

(छ) बीजीय अभिव्यञ्जक र समीकरणसम्बन्धी साधारण समस्या समाधान

### ६.३.३ सिकाइ उपलब्धि

| क्र.स. | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| १. | ज्यामिति | • चाँदको प्रयोग गरी ० देखि १८० डिग्रिका कोणहरू नाप्न: १० र १० डिग्रिको फरकमा र विभिन्न स्तरीय कोणहरू चाँदको प्रयोग गरी खिच्न<br>• समकोण, अधिककोण र न्यूनकोण छुट्याउन: समकोणसँग तुलना गरी समकोण भन्दा सानो कोण न्यूनकोण र ठूलो कोण अधिककोण भनी छुट्याउन<br>• वर्गाङ्कित कागजमा समानान्तर रेखाहरू खिच्न: वर्गाङ्कित कागजमा कुनै दुई सीधा रेखाहरूलाई आधार मानी दिइएको एकाइ दूरी गनेर तल, माथि, दायाँ, बायाँ समानान्तर रेखाहरू खिच्न<br>• घन र षडमुखाका सतह, किनारा, कुनाको पहिचान गर्न र गणना गर्न: ठोस आकारहरूको परिचय, घनाकार वस्तुहरूको सङ्कलन, षडमुखाकार वस्तुहरूको सङ्कलन, तिनका मिल्ने गुणहरूको पहिचान र ब्याख्या, ती ठोस वस्तुहरूका सतह, कुना, किनाराको गणना र निश्कर्ष |

| क्र.स. | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | अङ्कगणित | • स्थानमान तालिकामा राष्ट्रिय र अन्तर्राष्ट्रिय पद्धतिमा सङ्ख्याहरूलाई प्रस्तुत गर्न: राष्ट्रिय र अन्तर्राट्रिय पद्धति अनुसार अल्पविरामको प्रयोग, स्थानमान तालिकामा सङ्ख्याको प्रस्तुति, स्थानमान तालिकामा सङ्ख्याको स्थान र स्थानमानको पहिचान<br>• नौ अङ्क सम्मका सङ्ख्याहरूलाई अङ्क र अक्षरमा राष्ट्रिय र अन्तर्राष्ट्रिय पद्धतिमा प्रस्तुत गर्न<br>• रुढ र संयुक्त सङ्ख्या छुट्याउन: इरातेस्थिनिको चाल्नो र आयत बनाउने खेलबाट रुढ र संयुक्त सङ्ख्या पत्ता लगाउने |
| | गणितका आधारभूत क्रिया | • सङ्ख्याहरूको जोड (पाँच अङ्कसम्म): हात लागि आउने<br>• समान हर भिन्नहरूको जोड: भिन्नका चित्रलाई भिन्नमा लेख्ने, चित्रका आधारमा र चित्र विना नै समान हर भिन्नको जोड<br>• मिश्रित भिन्नको परिचय: सिङ्गो र भिन्न सङ्ख्या जोडेर मिश्रित सङ्ख्यामा प्रस्तुति<br>• मिश्रित भिन्नको जोड र घटाउ: सिङ्गो र भिन्न दुवैलाई सँगै र भिन्ना भिन्नै जोड र घटाउ<br>• दशमलब र प्रतिशतको परिचय: दशांशको रूपमा दशमलबको परिचय, सयांशको रूपमा प्रतिशतको धारणा<br>• भिन्नलाई दशमलब र प्रतिशतमा रूपान्तरण: भाग विधिबाट दशमलबमा र १०० ले भाग गरेर प्रतिशतमा बदल्ने धारणा<br>• प्रतिशतका हिसावहरू: प्रतिशतलाई भिन्नमा र भिन्नलाई |

| क्र.स. | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | | प्रतिशतमा वदल्ने, भिन्नको जोड र घटाउका प्रतिशतका हिसाब<br>● परिमिति, क्षेत्रफल र आयतनसम्बन्धी व्यावहारिक समस्याहरू (कोठा गनेर र सूत्र प्रयोग गरेर) |
| | नाप | ● वर्ष, महिना, दिन, घन्टा र मिनेटको जोड, घटाउ र गुणनः सापटि लिन नपर्ने र पर्ने (एक पटकमा कुनै दुई मात्र)<br>● मुद्रासम्बन्धी जोड, घटाउ, गुणन र भागसम्बन्धी समस्या हल गर्न (एक पटकमा कुनै दुई मात्र)<br>● दूरीसम्बन्धी समस्या हल गर्न रूपान्तरण गर्न नपर्ने<br>● तौलका एकाइहरूको (क्वीन्टलसम्म) र रूपान्तरण (एक पटकमा कुनै दुई मात्र)<br>● तौलसम्बन्धी समस्या हल गर्न (जोड, घटाउ र गुणन समावेश भएका) |
| | तथ्याङ्कशास्त्र | ● वास्तविक बील हेरी सूचना लिन, दिन, सूची र दर हेरी त्यही अनुसार विल बनाउन,<br>● स्तम्भ चित्र हेरी सूचना लिन दिन |
| | विजगणित | ● अङ्कगणित र वीजगणितको सम्बन्ध कोठा सङ्केतबाट<br>● चल र अचलको धारणा<br>● सजातीय र विजातीय पदहरू<br>● सजातीय पदहरूको जोड र घटाउ<br>● एक चलयुक्त समिकरण निर्माण र हल |

६.३.४ विषयवस्तुको क्षेत्र र क्रम तथा तिनको विस्तृतीकरण

| विषयवस्तुको क्षेत्र | क्षेत्रगत विषयवस्तुको क्रम | प्रत्यक्ष कार्यघन्टा | स्वनिर्देशित कार्यघन्टा |
|---|---|---|---|
| ज्यामिति | • ० देखि १८० डिग्रिका कोणहरू नाप्न<br>• समकोण, अधिककोण र न्यूनकोण छुट्याउन<br>• वर्गाङ्कित कागजमा समानान्तर रेखाहरू खिच्न<br>• घन र षडमुखाका सतह, किनारा, कुनाको पहिचान गर्न र गणना गर्न | ४ | १२ |
| अङ्कगणित | • स्थानमान तालिकामा राष्ट्रिय र अन्तर्राष्ट्रिय पद्धतिमा सङ्ख्याहरूलाई प्रस्तुत गर्न<br>• नौ अङ्क सम्मका सङ्ख्याहरूलाई अङ्क र अक्षरमा राष्ट्रिय र अन्तर्राष्ट्रिय पद्धतिमा प्रस्तुत गर्न<br>• रुढ र संयुक्त सङ्ख्या छुट्याउन | ५ | १५ |
| गणितका आधारभूत क्रिया | • सङ्ख्याहरूको जोढ (पाँच अङ्क सम्म)<br>• समान हर भिन्नहरूको जोड<br>• मिश्रित भिन्नको परिचय<br>• मिश्रित भिन्नको जोड र घटाउ<br>• दशमलब र प्रतिशतको परिचय<br>• भिन्नलाई दशमलब र प्रतिशतमा | ७ | २१ |

| विषयवस्तुको क्षेत्र | क्षेत्रगत विषयवस्तुको क्रम | प्रत्यक्ष कार्यघन्टा | स्वनिर्देशित कार्यघन्टा |
|---|---|---|---|
| | रूपान्तरण<br>• प्रतिशतका हिसावहरू<br>• परिमिति, क्षेत्रफल र आयतनसम्बन्धी व्यावहारिक समस्याहरू (कोठा गनेर र सूत्र प्रयोग गरेर) | | |
| नाप | • वर्ष, महिना, दिन, घन्टा र मिनेटको जोड, घटाउ र गुणन<br>• मुद्रासम्बन्धी जोड, घटाउ, गुणन र भागसम्बन्धी समस्या हल गर्न<br>• दूरीसम्बन्धी समस्या हल गर्न<br>• तौलका एकाइहरूको (क्वीन्टलसम्म) र रूपान्तरण<br>• तौलसम्बन्धी समस्या हल गर्न | ७ | २१ |
| तथ्याङ्कशास्त्र | • बील हेरी सूचना लिन, दिन, बिल बनाउन<br>• स्तम्भ चित्र हेरी सूचना लिन दिन | ३ | ९ |
| विज गरिणत | • चल र अचल<br>• सजातीय र विजातीय पदहरू<br>• सजातीय पदहरूको जोड र घटाउ<br>• एक चलयुक्त समीकरण हल | ६ | १८ |

### ६.३.५. सिकाइ सहजीकरण प्रक्रिया

गणित दैनिक जीवनमा धेरै प्रयोग हुने विषय हो भने अन्य विषयको अध्ययनका लागि आधारभूत ज्ञान र सिप प्रदान गर्ने विधा पनि हो । त्यसैले गणितको सिकाइ सहजीकरण गर्दा दैनिक व्यावहारिक प्रयोगसँग जोडेर गर्नु पर्दछ । गणितलाई किताबी समस्या समाधानको रूपमा मात्र लिनु हुँदैन । पाठ्यपुस्तक पाठ्यक्रमका गणितीय विषयवस्तुलाई कार्यान्वयन गर्नका लागि एउटा साधन हो तर पाठ्यपुस्तक मात्र सिकाइ सहजीकरणको आधार मान्न सकिँदैन । त्यसैले गणितका प्रत्येक एकाइको शिक्षण गर्दा व्यवहारसँग जोडिएको हुनु जरुरी छ । सङ्ख्याको ज्ञानसम्बन्धी पाठहरू सहजीकरण गर्दा आफ्नो घर वरपर पाइने वस्तुहरू सम्झेर गणना गर्न लगाउने, कक्षाकोठाका वस्तुहरू गणना गर्न लगाउने, अन्य विषयमा भएका कुराहरूलाई गणितसँग जोडेर शिक्षण गर्न पर्दछ । जस्तै नेपाली र अङ्ग्रेजी वर्णमालाका अक्षरहरू, विद्यार्थीको नाममा भएका अक्षरहरू, हप्ताका बारहरू, महिनाका दिनहरू गणना गर्न लगाउन सकिन्छ । यसरी अन्य विषयका विषयवस्तुसँग जोडेर शिक्षण गर्दा शिक्षण एकीकृत हुन गई अन्य विषयको अध्ययन अझै प्रभावकारी बनाउन सहयोग पुग्दछ ।

सामान्यतया सिकाइ सहजीकरण गर्दा विद्यार्थीहरूलाई नै सिकाइमा सक्रिय राख्ने र उनीहरूलाई छलफल (discourse) मा सहभागी गराउनु पर्दछ । सिकाइ सहजीकरण गर्दा सर्वप्रथम विद्यार्थीहरूलाई नै सम्बन्धित विषयमा सोच्न, तर्क गर्न, आँफै समस्याहरूको समाधान गर्न लगाउनु पर्दछ । यसो गर्दा विद्यार्थीहरूको मस्तिष्क सक्रिय हुन्छ । समस्याका कारण मस्तिष्कमा तनाव सिर्जना हुन्छ र सोही तनावले शिक्षकले गरेको ब्याख्या, विश्लेषण र प्रस्तुतिलाई ग्रहण गर्न उत्प्रेरणा प्राप्त हुन्छ । शिक्षकले मात्र ज्ञान प्रदान गर्ने (supply based) शिक्षणबाट संज्ञानात्मक तहको सबैभन्दा तल्लो तहका ज्ञानहरू विद्यार्थीले प्राप्त गर्न सक्दछन् तर उच्च तहका सिपहरू विकास हुन सक्दैनन् । सोच्ने, तर्कगर्ने, कारण दिने, विश्लेषण गर्ने, मूल्याङ्कन गर्ने, दैनिक जीवनमा प्रयोग गर्ने, आफैँ समस्या समाधान गर्ने जस्ता सिपहरू विकास हुने गरी शिक्षकले प्रश्नहरू सोध्नु पर्दछ ।

खास गरी दोस्रो तहको यस पाठ्यक्रमका विषयवस्तु विद्यार्थीहरूले नै ७५ प्रतिशत आफैँ सिक्नु पर्ने र २५ प्रतिशत मात्र आमने सामने विधिबाट सिकाइ हुने गरी तयार भएको छ । त्यसैले विद्यार्थीहरूलाई contact sessions मा उनीहरूले नबुझेका कुराहरू

बुझाउने र थप सिकाइका लागि तयार गर्ने उद्देश्य राखिएको छ । तर सबै विद्यार्थीहरूको स्व:अध्ययनका लागि आधार तयार नभएको हुने हुनाले आधारभूत कुराहरू आमने सामने सेसनमा पूरा गराएको हुनु पर्दछ भने छलफलबाट स्पष्ट हुनु पर्ने विषयवस्तु पनि आमने सामने सेसनमा सहजीकरण गर्नु पर्दछ ।

विशेष गणितीय अभ्यासहरू पनि गणित सिकाइका लागि महत्त्वपूर्ण हुन्छन् । ती खास गणितीय अभ्यास गर्नुपर्ने कुराहरू निम्नअनुसार गराउन सकिन्छ :

१. **ज्यामिति शिक्षण** : घर, विद्यालय, वातावरणमा भएका विभिन्न आकारहरूको अवलोकन गर्न लगाई आकारको कुना, किनारा, कोण, भुजा, क्षेत्रफल, आयतनको धारणा दिनु पर्दछ । यसरी शिक्षण गर्दा परियोजना कार्य गराई प्रस्तुतीकरण गर्न लगाउने, सूची बनाउन लगाउने साझा विधिहरू छन् । ज्यामितीय र पारिमाणिक नापजाँचका लागि ज्यामिति बाकसका साधनहरूको प्रयोग गर्नु पर्दछ जसले स्तरीय मापनको सिप विकास गराउने छ । जस्तै: कोणहरूको तुलना, मापन, वर्ग कागज वा कुनाहरूको अवलोकनबाट समकोण र अन्य कोणहरूको ज्ञान आदि ।

२. अङ्कगणित शिक्षण गर्दा, देवनागरी सङ्ख्याहरू शिक्षण गर्दा वास्तविक वस्तु, वेसटेन ब्लक वा वेसटेन पत्ति वा सिन्काका मुठाहरू गणना गर्न लगाउने, गणना गरिएका कुराहरू अङ्क र अक्षरमा लेख्न लगाउने, देवनागरी सङ्ख्याहरूलाई हिन्दूअरेविक सङ्ख्यासँग जोडा मिलाउने वा सँगसँगै भन्न र लेख्न लगाइ एकीकृत रूपमा सिकाइ सहजीकरण गर्नु पर्दछ । जोड, घटाउ, गुणन, भाग शिक्षण गर्दा व्यावहारिक समस्याहरूको उठान गरी सोही समस्यामा छलफल गराउँदै गणितका आधारभूत क्रियाहरूको ज्ञान र सिप विकास गराउनु पर्दछ ।

३. **नाप शिक्षण** : नाप शिक्षण गर्दा व्यावहारिक उदाहरणहरूको उठानबाट कक्षाकोठा वा घर वरपर पाइने वस्तुहरूको नापको तुलना गराइ unstandardized comparison गराउने र त्यसको पछि standardized comparison गराउनु पर्दछ । क्षेत्रफल, आयतन, दुरी, परिमिति समय आदि यस्तो विधिबाट शिक्षण गर्दा विषयवस्तुलाई वास्तविक जीवनसँग जोड्न सहज हुनेछ । समय पाठ शिक्षण गर्दा क्यालेण्डरलाई समेत प्रमुख साधनको रूपमा प्रयोग गरी

सोही क्यालेन्डरबाट दिन, महिना, वर्ष र तिनका व्यावहारिक समस्यामा केन्द्रित भई सिकाइ सहजीकरण गर्न सहज हुनेछ ।

४. **तथ्याङ्कशास्त्र शिक्षण :** घरायसी कारोवार, दैनिक रूपमा किराना पसलमा गरिने बिक्री र किनमेल आदिको सहयोगबाट विद्यार्थीहरूलाई बील र बजेट तथा मूल्यसम्बन्धी ज्ञान र सिप विकास गराउन सकिन्छ भने वारग्राफ र तालिका निर्माणका लागि व्यावहारिक क्रियाकलापहरूलाई परियोजना कार्य, समूह कार्य, व्यक्तिगत कार्य गराई प्रयोगात्मक रूपमा सिकाइ सहजीकरण गर्नु पर्दछ ।

५. **बीजगणित शिक्षण :** बीजगणित अङ्कगणितको सामान्यीकरण हो । त्यसैले वीज गणितको सिकाइ सहजीकरण गर्दा अङ्कगणितका उदाहरणहरूलाई साङ्केतीकरण गरी बीजगणितका धारणामा स्थानान्तरण गरी शिक्षण गर्ने प्रक्रियालाई नै शिक्षण विधिका रूपमा लिने, कागजका पत्ती वा टायलहरू, ग्राफ पेपरहरू, ग्रुभी पत्ती, तराजु आदिको प्रयोग गरेर प्रयोगात्मक रूपमा गरेर सिक्ने वातावरण प्रदान गर्नु पर्दछ ।

**सिकाइ सहजीकरण गर्ने उल्लेखित कार्यक्रलापहरू सञ्चालन गर्दा विभिन्न विधि र बालकेन्द्रित क्रियाकलापहरूको प्रयोग गर्नु पर्दछ । ती विधिहरू र तिनको प्रयोग गर्ने तरिका यस प्रकार छन् :**

१. **आगमन विधि :** अवलोकनबाट ढाँचा पत्ता लगाउने र ती ढाँचालाई प्रमाणित गर्न प्रयोग गराउने र अन्तमा निश्कर्ष दिन लगाउने ।

२. **निगमन विधि :** गणितीय आधारभूत धारणा र समस्या समाधानका तौरतरिका सिकाइसकेको अवस्थामा कहिलेकाहीँ विद्यार्थीहरूले निश्चित विधि र सूत्रहरूको समेत प्रयोग गरी छिटो, छरितो र प्रभावकारी तरिकाबाट गणितीय ज्ञान र सिपको प्रयोग गरी समस्या समाधान गर्न लगाउनु पर्दछ । यस्तो विधिलाई निगमन विधि भनिन्छ ।

३. **समस्या समाधान विधि :** कुनै गणितीय समस्यालाई विद्यार्थी आफैँले राम्रोसँग पढ्न लगाउने, थाहा दिइएको र पत्ता लगाउनु पर्ने छुट्याउन लगाउने, पत्ता लगाउनु पर्ने कुन तरिकाले पत्ता लगाउने हो भनी सोच्न, प्रश्नलाई visualize गर्न

लगाई सही तरिका छनोटका लागि सहजीकरण गर्ने, तय भएको तरिकाबाट समस्या समाधान गरी आफ्नो समाधान सही वा गलत के भयो भनी आफैं परीक्षण गर्न लगाउने । यस विधिमा शिक्षकले सोधखोज गर्ने र सही दिशा लिन सहयोग गर्नु पर्दछ । समस्याको visualize गर्न लगाउँदा model drawing, tracing, concept map, venn diagram, आदि प्रयोग गर्नु पर्दछ ।

४. **सहयोगात्मक सिकाइ :** विद्यार्थीहरूलाई समूहमा राखी एक अर्काबाट सिक्ने र सिकाउने अवसर प्रदान गने, समूहमा छलफल गरी तार्किक रूपमा निश्कर्ष निकाली प्रस्तुतीकरण गर्न लगाउने गर्नु पर्दछ ।

५. **प्रश्नोत्तर छलफल विधि :** सिकाइ सहजीकरणका चरणमा प्रश्न pose गर्ने र सो प्रश्नमा विद्यार्थीहरूलाई brainstrom, discussion, sharing ideas गर्न लगाई विषयवस्तु र समस्याको गहिरो अवधारणा विकास गराउनु पर्दछ ।

६. **परियोजना कार्य :** गणितका विभिन्न विषयवस्तुमा सहजीकरण गर्दा विद्यार्थीको सक्रियताबाट सम्पन्न हुने गरी समस्याहरू दिने, खोजी गर्ने, सूचना व्यवस्थित गर्ने र प्रस्तुतीकरण गर्न लगाउनु पर्दछ ।

७. **खेल विधि :** गणितीय विषयवस्तुसँग सम्बन्धित गरी खेलहरू निर्माण गर्ने, खेलको नियम बताउने र सो नियमअनुसार खेल खेलाएर पनि गणितीय धरणाहरू विकास गराउनु पर्दछ । खेल विधिको प्रयोग गर्दा विद्यार्थीहरूलाई भूमिका निर्वाह विधिको सँगसँगै प्रयोग गराउन सकिन्छ ।

८. **प्रयोगात्मक र खोज विधि :** गणितीय प्रयोगशालामा विभिन्न चलाउने सामग्रीहरू प्रयोग गरी प्रयोगात्मक र खोज विधिबाट शिक्षण गर्नु पर्दछ ।

### ६.३.६. सिकारु मूल्याङ्कन

सिकाइ सहजीकरणको महत्त्वपूर्ण अवयवको रूपमा सिकारु मूल्याङ्कनलाई लिन सकिन्छ । मूल्याङ्कनले सिकाइ कति भयो भनी जाँच्ने मात्र नभई सिकाइलाई थप प्रभावकारी समेत गराउन सहयोग गर्दछ । सिकारु मूल्याङ्कनको महत्त्वपूर्ण पक्ष स्वमूल्याङ्कन हो । विद्यार्थी आँफैले आफ्नो सिकाइको मूल्याङ्कन गराएर आफ्ना कमजोरी पत्ता लगाउन सकेमा सिकाइ झन् प्रभावकारी हुनेछ । सिकाइको निरन्तर

मूल्याङ्कन गर्ने र पोर्टफोलियोमा विद्यार्थीका खास सिकाइ जनाउने प्रमाणहरू सङ्कलन गर्नु पर्दछ । सोही पोर्टफोलियोको माध्यमबाट विद्यार्थीको अन्तिम मूल्याङ्कन गर्न सकिन्छ । खास गरी मूल्याङ्कन आन्तरिक र अन्तिम मूल्याङ्कन दुई तरिकाबाट गर्न सकिन्छ । सिकाइको सुनिश्चितताका लागि विद्यार्थीहरूको सिकाइको स्तरलाई अतिन्यून १, न्यून २, सामान्य ३ र राम्रो ४ गरी रेटिङ गरी अधिकांश विद्यार्थीहरू ३ वा ४ तहमा पुगेको सुनिश्चित गर्नु पर्दछ ।

(क) आन्तरिक मूल्याङ्कन

| क्र.सं | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १ | पोर्टफोलियोको लेखाजोखा (कक्षाकार्य, एकाइ परीक्षा, विभिन्न समयमा गरेका विशिष्ट कार्यहरू) | ४ |
| २ | प्रयोगात्मक तथा परियोजना कार्य | ३६ |
| ३ | त्रैमासिक परीक्षाहरू | १० |
| **जम्मा** | | **५०** |

आन्तरिक मूल्याङ्कनलाई ५० प्रतिशत भार छुट्याइएको छ ।

(ख) अन्तिम मूल्याङ्कन

अन्तिम मूल्याङ्कनका लागि परीक्षालाई मुख्य आधार मानिएको छ । पाठ्यक्रमका सबै विषयवस्तुलाई समेटी ५० प्रतिशतको अन्तिम मूल्याङ्कन गर्नु पर्नेछ । यसरी परीक्षा सञ्चालन गर्दा पाठ्यक्रमका सिकाइ सक्षमता र सिकाइ उपलब्धिलाई आधार मानी प्रश्नपत्र तयार गर्ने र सोही प्रश्नपत्रका आधारमा अन्तिम मूल्याङ्कन गर्नु पर्दछ । अन्तिम मूल्याङ्कनको नतिजा प्रदान गर्दा, आन्तरिक र अन्तिम परीक्षा दुवैको भारलाई ५० प्रतिशत मानी जोडेर सतप्रतिशत बनाई नतिजा प्रकाशन गर्नु पर्दछ ।

## ६.४ विज्ञान तथा प्रविधि

### ६.४.१ परिचय

१. **परिचय**

विज्ञान र प्रविधिसँग मानव विकासको घनिष्ट सम्बन्ध रहेको हुन्छ । विज्ञान र प्रविधिको अध्ययन र प्रयोग बिना मानव जीवनको विकास अपूर्ण हुन्छ । विज्ञान र प्रविधिको विकाससँगै मानव जीवन र वातावरणमा सकारात्मक र नकारात्मक दुवै खालका असरहरू पारेको छ । विज्ञान र प्रविधिको विकासले एकातिर अत्याधुनिक प्रविधियुक्त समाजको निर्माण भएको छ भने अर्कातिर वातावरणमा प्रदुषणसमेत बढाएको छ । त्यसैले विज्ञान र प्रविधिको विकासले सिर्जना गरेका अवसर र चुनौतीहरूलाई आत्मसात् गर्दै वातावरण संरक्षण र दिगो विकासप्रति सचेत हुन वैज्ञानिक सुझबुझ भएको जनशक्ति विकास गर्नु आजको आवश्यकता हो ।

बालबालिकाहरूमा वैज्ञानिक सोच, चिन्तन र अभिवृत्ति विकास गर्न सक्दा व्यक्ति, समाज र राष्ट्रका लागि असल र दक्ष नागरिक तयार हुन सक्छ । विद्यालय शिक्षाको अवसरबाट वञ्चित भएका बालाबालिकाहरूलाई विद्यालय शिक्षासँग जोडी विज्ञान र प्रविधिको विषयवस्तुमा ज्ञान, सिप र अभिवृत्ति गराउनु आवश्यक छ । राष्ट्रिय पाठ्यक्रम २०७६ मा रहेको कक्षा ४ र ५ का विज्ञान र प्रविधिको विषय क्षेत्रलाई संश्लेषण गरी विद्यालयबाट बाहिर रहेका र तह एक पूरा गरेका बालबालिकाका लागि एक वर्षमा सिकाइ उपलब्धि हासिल गराउन सक्ने गरी यस विषयको पाठ्यक्रम तयार गरिएको छ । यसमा वैज्ञानिक सिकाइ, सूचना र प्रविधि, जीव र वातावरण, जीवहरूको वर्गीकरण, जीवन प्रक्रिया, पदार्थ, दैनिक जीवनका शक्ति, पृथ्वी र अन्तरिक्ष विषय क्षेत्र रहेका छन् । यिनै विषय क्षेत्रका आधारमा सिकाइ उपलब्धि तय गरिएको छ । विज्ञान र प्रविधि गरेर सिकिने हुनाले अवलोकन, प्रयोगात्मक, परियोजना कार्य, खोजअनुसन्धान जस्ता विधिहरूलाई जोड दिइएको छ । यस तहको सिकाइ प्रत्यक्ष साक्षात्कार र स्वनिर्देशित सिकाइबाट सिकाइ उपलब्धि हासिल गरिने छ । यसैलाई आधार मानेर मूल्याङ्कन गर्न उपयुक्त हुन्छ ।

### ६.४.२ समक्षमता

(क) वैज्ञानिक सिकाइ प्रक्रियाको बोध तथा विज्ञान प्रक्रियागत सिपको प्रयोग

(ख) दैनिक जीवनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र सावधानीका उपायहरू अवलम्बन

(ग) जीवको वर्गीकरण तथा जीवनप्रक्रियासम्बन्धी आधारभूत जानकारी

(घ) जीव र वातावरण बिचको अन्तरसम्बन्ध र सन्तुलनको महत्त्व बोध

(घ) मौसम र प्राकृतिक विपद्को आधारभूत जानकारी तथा सोअनुसारका अनुकूलनका उपायहरू अवलम्बन

(ङ) पदार्थ र शक्तिका आधारभूत विशेषताहरूको जानकारी लिई दैनिक जीवनमा प्रयोग

(च) पृथ्वीको बनोट तथा आकाशीय पिण्डहरूको सामान्य जानकारी

### ६.४.३ सिकाइ उपलब्धि

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | वैज्ञानिक सिकाइ | १.१ वैज्ञानिक सिकाइ प्रक्रियाको परिचय दिन<br>१.२ अवलोकन (observation), प्रयोग (experiment), वर्गीकरण, (classification) परीक्षण (testing) र सोधखोज (inquiry) सम्बन्धी सामान्य क्रियाकलापहरू गर्न र महत्त्व पत्ता लगाउन<br>१.३ वैज्ञानिक उपकरणहरू चिन्न र तिनीहरूको स्कम्याटिक (Schematic) चित्र बनाउन<br>१.४ वैज्ञानिक प्रयोग (scientific experiment) गर्दा अपनाउनुपर्ने सावधानी बताउन र पालना गर्न<br>१.५ नापको परिचय दिन र दैनिक जीवनमा नापका उदाहरणहरू |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | | खोजी गरी मापन गर्न र महत्त्व बताउन |
| २ | सूचना तथा सञ्चार प्रविधि | २.१ सञ्चारका विभिन्न स्रोतहरूका पहिचानसहित उदाहरण दिन र ती स्रोतहरूबाट आवश्यक सूचनाहरू खोजी गर्न<br>२.२ कम्प्युटर र मोबाइलको सामान्य परिचयसहित यसको प्रयोगका उदाहरणहरू खोजी गर्न<br>२.३ कम्प्युटर र मानवबिच समानता र भिन्नता छुट्याउन<br>२.४ कम्प्युटर तथा मोबाइल फोन प्रयोग गर्दा व्यक्तिगत सुरक्षाका उपायहरू अपनाउन तथा कम्प्युटर सुरक्षाका उपायहरू अवलम्बन गर्न |
| ३ | जीव र वातावरण | ३.१ जीवहरूलाई असर पार्ने वातावरणीय तत्वहरू (प्रकाश, ताप, हावा, पानी, माटो र अन्य जीवहरू) पहिचान गरी अत्याधिक र अनावश्यक प्रयोगले वातावरणमा पार्ने असर बताउन<br>३.२ जीवहरूलाई ताप र प्रकाश शक्ति आवश्यक पर्छ भन्ने तथ्यलाई तर्कसहित प्रस्तुत गर्न<br>३.३ वातावरणमा उपलब्ध उर्जाका स्रोतहरू पहिचान गर्न<br>३.४ मानिस र अन्य जीवहरूको सङ्ख्या वृद्धि र ऊर्जाको अधिक प्रयोगले वातावरणमा पार्ने असर घटाउने उपायहरू बताउन र व्यवहारमा उतार्न |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| ४ | जीवहरूको वर्गीकरण | ४.१ मेरुदण्ड भएका र नभएका जनावरहरूको पहिचान गरी मेरुदण्ड भएका जीवहरूको सामान्य विशेषता बताउन<br>४.२ जमिनमा बस्ने र पानीमा बस्ने जनावरहरू चिन्न र तिनीहरूका विशेषताहरू पहिचान गरी तुलना गर्न<br>४.३ विभिन्न किसिमका बिरुवाका भागहरू चिन्न तथा तिनीहरूको चित्र कोरी विभिन्न भागको नामाङ्कन गरी कार्यहरू वर्णन गर्न<br>४.४ बिरुवाहरूलाई झारपात, बुट्यान र रुखमा वर्गीकरण गर्न र तिनीहरूबिच भिन्नता छुट्याउन<br>४.५ जमिनमा पाइने र पानीमा पाइने बिरुवाहरू चिन्न र तिनीहरूका विशेषताहरू पहिचान गरी तुलना गर्न<br>४.६ बिरुवाका बिऊ, जरा, डाँठ, पातका लक्षणहरू तुलना गरी तिनीहरूलाई एकदलीय र दुईदलीय समूहमा वर्गीकरण गर्न |
| ५ | जीवन प्रक्रिया | ५.१ जनावरका विकासका चरणहरू वर्णन गर्न<br>५.२ पुतलीको जीवनचक्रको विभिन्न अवस्था अवलोकन गरी पहिचान गर्न र ती अवस्थाहरूको वर्णन गर्न<br>५.३ बिउबाट बिरुवा हुर्काउन र विभिन्न चरणहरू अवलोकन गरी वर्णन गर्न<br>५.४ पोषण, निष्कासन, श्वासप्रश्वास, परिवहन र प्रजनन क्रियालाई जीवन प्रक्रियाका रूपमा व्याख्या गर्न<br>५.५ जीवन प्रक्रियाको आधारमा जनावर र बिरुवाहरूबिच भिन्नता छुट्याउन |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| ६ | पदार्थ | ६.१ पानीको गुणहरू पहिचान गरी तीन अवस्था चिन्न र पानीको अवस्था परिवर्तन प्रक्रियामा तापको भूमिका उल्लेख गर्न<br>६.२ आफ्नो क्षेत्र वरपर रहेका पानीका स्रोतहरू प्रदूषित हुनका कारणहरू र प्रदूषण कम गर्न संरक्षण गर्न सकिने उपायहरू खोजी गर्न<br>६.३ पानी घट्ट र जल विद्युत् जस्ता प्रविधिमा पानीको प्रयोग बताउन<br>६.४ हावाका भौतिक गुणहरू पहिचान र हावाको उपयोगिता उदाहरणसहित व्याख्या गर्न<br>६.५ स्थानीय स्तरमा वायु प्रदूषणका कारण, असर र न्यूनीकरण गर्ने उपायहरू प्रस्तुत गर्न<br>६.६ भौतिक गुणका आधारमा पदार्थहरूलाई ठोस, तरल र ग्याँसमा वर्गीकरण गर्न<br>६.७ तापले पदार्थमा पार्ने असरहरूको व्याख्या गर्न<br>६.८ चट्टान पहिचान गर्न तथा कडा र नरम चट्टानमा वर्गीकरण गर्न र उपयोग बताउन<br>६.९ समान र असमान मिश्रण चिन्न र तिनीहरू बिच भिन्नता छुट्याउन<br>६.१० मिश्रण छुट्याउने सामान्य विधिहरू (हातले टिप्ने, थिग्राउने र निथार्ने Sedimentation and decantation), निफन्ने, चाल्ने, छान्ने) को प्रयोग गरी मिश्रण छुट्याउन र व्याख्या गर्न |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| ७ | दैनिक जीवनमा शक्ति | ७.१ शक्तिलाई काम गर्न सक्ने क्षमताका रूपमा उदाहरण सहित परिभाषित गर्न<br>७.२ विद्युत्का स्रोतहरू पहिचान गरी दैनिक जीवनमा विद्युत्को प्रयोगका उदाहरणहरू दिन र सुरक्षाका उपायहरू अवलम्बन गर्न<br>७.३ ड्राइ सेल, स्विच, सुचालक तार र टर्चको चिम वा LED प्रयोग गरी बत्ती बाल्न र यसका आधारमा बन्द र खुला परिपथ वर्णन गर्न<br>७.४ चालक (conductor) र अचालक (insulator) वस्तु छुट्ट्याउन<br>७.५ चुम्बकका गुणहरू प्रदर्शन गर्न, विभिन्न चुम्बकको चुम्बकीय क्षमता तुलना गर्न र प्रयोग बताउन<br>७.६ प्रकाशका विभिन्न स्रोतहरू पहिचान गर्न<br>७.७ दिप्त र अदिप्त, पारदर्शी, अर्धपारदर्शी र अपारदशी वस्तुको परिभाषा दिन र त्यस्ता वस्तुहरू चिनेर उपयोगिता बताउन<br>७.८ प्रकाशमा सात रङहरू हुन्छन् भन्ने तथ्य प्रदर्शन गर्न<br>७.१० ध्वनिका विभिन्न स्रोतहरू पहिचान गरी सानो र ठुलो तथा धोद्रो र तीक्ष्ण ध्वनिको रूपमा वर्गीकरण गर्न<br>७.११ चर्को आवाजका नकारात्मक असरहरू बताउन र असल आचरण अवलम्वन गर्न |
| ८ | पृथ्वी र अन्तरिक्ष | ८.१ पृथ्वीको स्वरूप र आकारको वर्णन गर्न<br>८.२ पृथ्वीले आफ्नो अक्षमा निरन्तर घुमिरहने प्रक्रिया प्रदर्शन |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | | गरी दिन र रात हुने कारण व्याख्या गर्न<br>८.३ पृथ्वीले सूर्यको वरिपरि र चन्द्रमाले पृथ्वीको वरिपरि परिक्रमा गर्ने प्रक्रिया उपयुक्त मोडेलद्वारा प्रदर्शन गर्न<br>८.४ विभिन्न प्रकारका मौसमको परिचय दिन तथा उक्त मौसममा मानिसका गतिविधिको वर्णन गर्न<br>८.५ मौसमको पूर्वानुमान गर्न<br>८.६ प्राकृतिक विपत्को परिचय र असर बताउन तथा तिनीहरूबाट बच्ने उपायहरू अवलम्बन गर्न |

### ६.४.४ विषयवस्तुको क्षेत्र र क्रम तथा तिनको विस्तृतीकरण

| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| १ | वैज्ञानिक सिकाइ | • वैज्ञानिक सिकाइको प्रक्रियाको परिचय, अवलोकन, प्रयोग, वर्गीकरण, परीक्षण, सोधखोज<br>• उपकरणको पहिचान, वैज्ञानिक उपकरण प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी<br>• नापको परिचय, महत्त्व र प्रयोग | ३ | ७ |
| २ | सूचना तथा सञ्चार प्रविधि | • सूचनाका स्रोतहरूका उदाहरण (सन्दर्भ सामग्री, स्थानीय सूचना सङ्कलन, छापा र विद्युतीय सूचना) विभिन्न स्रोतहरूबाट | ८ | २२ |

| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | सूचनाको खोजी<br>• सिकाइका लागि मोबाइल फोनको प्रयोग<br>• सञ्चारका प्रकार: वैयक्तिक सञ्चार, अन्तरवैयक्तिक सञ्चार, आम सञ्चार<br>• कम्प्युटर र मानवबिच समानता र भिन्नता<br>• मोबाइल र कम्प्युटर चलाउँदा अपनाउनुपर्ने सुरक्षा | | |
| ३ | जीव र वातावरण | • जीव र वातावरणलाई असर पार्ने वातावरणीय तत्वहरू (प्रकाश, हावा, पानी, माटो अन्य तत्वहरू<br>• जीव र वातावरणीय तत्वहरू बिचको अन्तरसम्बन्ध<br>• उर्जाका स्रोतहरूको पहिचान<br>• जीवहरूलाई उर्जाको आवश्यकता<br>• उर्जाले वातावरणमा पार्ने असर र घटाउने उपाए | ३ | ७ |
| ४ | जीवहरूको वर्गीकरण | • मेरुदण्ड भएका जनावरहरूका विशेषताहरू (पानीमा बस्ने, पानी | ७ | १८ |

| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | र जमिन दुवैमा बस्ने, घिस्रेर हिड्ने र खस्रो शरीर भएका, शरीरमा प्वाँख भएका र उड्ने, बच्चा जन्माउने र स्तनपान गराउने)<br>• विभिन्न किसिमका बिरुवाका भाग र तिनीहरूको कार्य<br>• जमिनमा पाइने र पानीमा पाइने बिरुवाको विशेषता<br>• विरुवाका विशेषताका आधारमा एकदलीय र दुईदलीय समूहमा वर्गीकरण | | |
| ५ | जीवन प्रक्रिया | • जनावरका विकासका चरण (जन्म, वालपन, वयष्क, वृद्धावस्था र मृत्यु)<br>• पुतलीको जीवन चक्र (फुल, लार्भा, प्युपा र वयष्क<br>• जीवन प्रक्रियाको आधारमा जनावर र बिरुवाबिच भिन्नता | ४ | ११ |
| ६ | पदार्थ | • पदार्थको परिचय र भौतिक गुण (ठोस, तरल ग्याँस)<br>• पानीको गुणहरू, पानीको स्रोत | ८ | २२ |

| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | र प्रदूषणका कारण<br>• प्रविधिमा पानीको प्रयोग<br>• हावाको भौतिक गुण र उपयोगीता<br>• वायु प्रदुशणका कारण, असर र न्यूनीकरणको उपाय<br>• कडा र नरम चट्टान वर्गीकरण र उपयोग<br>• मिश्रण छुट्याउने विधि र व्याख्या | | |
| ७ | दैनिक जीवनमा शक्ति | • शक्तिको परिभाषा र क्षमता<br>• विद्युतका स्रोत, प्रयोग र सुरक्षा<br>• एलइडीको प्रयोग परीक्षण<br>• चालक र अचालक वस्तु वर्गीकरण<br>• चुम्बकका गुण प्रर्दशन, चुम्बकीय क्षमताको तुलना र प्रयोग<br>• प्रकाशका स्रोतहरू<br>• दिप्त र अदिप्त, पारदर्शी र अपारदर्शी, वस्तुको परिभाषा र | ५ | १५ |

| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | उपयोगित<br>• प्रकाशका रङ<br>• ध्वनिका स्रोतहरू र वर्गीकरण<br>• चर्को ध्वनिको नकारात्मक असर र असल आचरण अबलम्बन | | |
| ८ | पृथ्वी र अन्तरिक्ष | • पृथ्वीको स्वरूप<br>• पृथ्वीले आफ्नो अक्षमा घुम्ने प्रक्रिया र दिन र रात हुने कारण<br>• पृथ्वी, चन्द्रमा र सूर्य परिक्रमाको प्रक्रिया<br>• विभिन्न प्रकारका मौसम<br>• मौसमको पूर्वानुमान<br>• प्राकृतिक विपद्को परिचय र बच्ने उपाय | ५ | १५ |
| | | **जम्मा** | **४३** | **११७** |

### ६.४.५ सिकाइ सहजीकरण प्रक्रिया र विधि

विज्ञान तथा प्रविधि विषयको प्रकृतिले यसका विषयवस्तु सिकाइका लागि विद्यार्थीले बढीभन्दा बढी गरेर सिक्ने, प्रत्यक्ष अनुभव तथा अवलोकन गर्ने अवसर प्रदान गर्ने, चिन्तन गर्ने, खोजी गर्ने, जिज्ञासा राख्ने, तर्क गर्नेलगायतका क्रियाकलापहरूको माग गर्दछ । तसर्थ यस विषय क्षेत्रको शिक्षण गर्दा विषयवस्तुको प्रकृतिअनुसार अवलोकन,

प्रयोगात्मक, प्रदर्शन, खोज, क्षेत्र अन्वेषण, प्रश्नोत्तर, छलफल विधिहरूको प्रयोग गर्नुपर्छ । विद्यार्थीहरूको बहुबौद्धिकताको पहिचान गरी एउटै विषयवस्तुको शिक्षण सिकाइका लागि धेरै किसिमका विधिहरू तथा सहयोगात्मक र सहकार्यात्मक सिकाइ विधि प्रयोग गर्नुपर्ने हुन्छ ।

कुनै एक विषयवस्तु सिकाइको निश्चित विधि मात्र उपयुक्त हुने भन्ने हुँदैन । विज्ञान तथा प्रविधि शिक्षण सिकाइका लागि विधि तथा रणनीतिहरू छनोट गर्दा आवश्यकताअनुसार सङ्गीत, खेल, वादविवाद, समूह कार्य, जोडी कार्य, भूमिका अभिनय, प्यानल छलफललगायतका थुप्रै विधि तथा रणनीतिहरूको प्रयोग गरी विषयवस्तु सँगसँगै विज्ञान प्रक्रियागत सिपहरू विकासमा पनि जोड दिनुपर्नेछ । विज्ञान तथा वातावरण शिक्षाको अध्ययन अध्यापनमा ज्ञानको भण्डार मात्र वृद्धि गर्ने नभई ज्ञानको खोजी गर्ने विधि पनि दिन खोजिएको छ । बालबालिकाले अन्वेषण र समस्या समाधानका सिपहरू प्रयोग गरेर आफ्नै अनुभवद्वारा सिक्छन् । यसका लागि उनीहरूलाई सकेसम्म बढी प्रयोगात्मक तथा परियोजनामा आधारित क्रियाकलापमा संलग्न गराउनुपर्दछ । प्रभावकारी शिक्षण सिकाइका लागि शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनुपर्दछ । यस्ता सामग्रीहरूको छनोट र प्रयोग गर्दा विषयवस्तुको प्रकृतिअनुसार ठोस सामग्री, श्रव्यदृश्य सामग्री र चित्रात्मक सामग्री प्रयोग गरी पाठले दिन खोजेका धारणालाई स्पष्ट पार्नुपर्ने हुन्छ ।

विशेष गरी विज्ञानसँग सम्बन्धित विषयवस्तुको अध्यापन गराउँदा कुनै स्थिति वा घटनाको अवलोकन गराउने, त्यससम्बन्धी प्रश्न सोध्ने, त्यसको नतिजा अथवा प्रभावबारे पूर्वानुमान गर्न प्रोत्साहन दिने, परिकल्पित धारणा परीक्षण गर्न उत्साहित गर्ने, आफैँ निष्कर्षमा पुग्ने अवसर दिने र निष्कर्षको औचित्यबारे पुनः विचार गर्ने मौका दिने जस्ता पक्षमा ध्यान पुऱ्याउनुपर्दछ । यसका साथै पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू सहज तरिकाले हासिल गराउन र विद्यार्थीहरूमा वैज्ञानिक अभिवृत्तिको विकास गराउन समालोचनात्मक चिन्तन, प्रतिविम्बात्मक सिकाइ र रूपान्तरित सिकाइलाई बढीभन्दा बढी प्रयोग गर्नुपर्छ ।

(क) **विज्ञान तथा प्रविधि विषय सहजीकरणका विधिहरू**

विज्ञान तथा प्रविधि विषयमा संलग्न सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सहज तरिका सहजीकरण गर्न निम्नलिखित विधि र तरिकाहरूलाई बालकेन्द्रित तथा क्रियाकलापमुखी बनाएर अवलम्बन गर्न सकिन्छ :

(अ) प्रयोगात्मक विधि (आ) खोज विधि (इ) स्थलगत अध्ययन विधि (ई) सोधखोज तथा अन्वेषण विधि (उ) प्रदर्शन विधि (ऊ) व्याख्यान विधि (ए) परियोजना कार्य (ऐ) समस्या समाधान विधि (ओ) अवलोकन विधि (औ) सहयोगात्मक तथा सहकार्यात्मक विधि (अं) घटना अध्ययन विधि आदि ।

(ख) **विज्ञान तथा प्रविधि सिकाइका प्रक्रियागत सिपहरू**

विज्ञानका विषयक्षेत्रहरू हरेक व्यक्तिको दैनिकि जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएको हुँदा यो विषयको अध्ययनका माध्यमबाट विद्यार्थीहरूमा विज्ञानसँग सम्बन्धित निम्न लिखित वैज्ञानिक प्रक्रियागत सिपहरू अनिवार्य रूपमा हासिल हुने गरी शिक्षण योजना तय गरिनुपर्दछ ।

**विज्ञान प्रक्रियागत सिपहरू**

१. **अवलोकन** : पञ्च ज्ञानेन्द्रियहरू (देख्नु, सुन्नु, छुनु, गन्ध थाहा पाउनु र स्वाद थाहा पाउनु) को प्रयोग गरी विषयवस्तु तथा घटनाहरू, तिनीहरूका विशेषताहरू, गुणहरू, असमानता, समानता, परिवर्तनहरूका बारेमा पत्ता लगाउने कार्य अवलोकनअन्तर्गत पर्दछन् । यसमा अवलोकनहरूलाई रेकर्ड गर्न वा लिखितरूपमा राख्न सकिन्छ । उदाहरणका लागि सुन्तलाको रङ वर्णन गर्ने, स्वाद र गन्धको पहिचान गर्ने, बनावटबारे वर्णन गर्ने आदि ।

२. **वर्गीकरण** : वस्तुहरू अथवा घटनाहरूको गुणमा आधारित भई समानता वा फरकपनको आधारमा समूहीकरण गर्ने र क्रम मिलाउने कार्य नै वर्गीकरण हो । यसअन्तर्गत सूची बनाउने, टेबल बनाउने, चार्ट तयार गर्ने कार्य गरिन्छ । जस्तै फूल फुल्ने बिरुवाहरूको सूची बनाउने, फूल नफूल्ने बिरुवाहरूको सूची बनाउने, विद्युत्को सुचालक र कुचालक वस्तुहरूको तालिका बनाउने आदि ।

३. मापन : उपयुक्त मापनका साधन र प्रविधिहरूको प्रयोग गरी मापन गर्ने, थाहा भएका मापनका साधनहरू (तौल यन्त्र, स्केल, मिटर स्केल, घडी) आदिको प्रयोग गरी थाहा नभएका विभिन्न वस्तुहरूको मापन गर्ने कार्य यस प्रक्रियामा पर्दछ । मापनअन्तर्गत क्रमबद्ध र पद्धतिगत ढाँचामा एकाइसहित अभिलेखको मापन गर्ने, कम्प्युटर सफ्टवेयरको प्रयोग वा चार्ट, ग्राफ, टेबुल निर्माण गर्ने कार्य आदि पर्दछन् । उदाहरणका लागि रुलरको प्रयोग गरी टेबलको लम्बाइ, चौडाइ र उचाइ नाप्ने आदि ।

४. निष्कर्ष निकाल्ने : अवलोकन गरिएका वस्तु वा घटनाहरूको व्याख्याबाट निष्कर्ष निकाल्न सकिन्छ । यसरी अवलोकन गर्दा एकभन्दा बढी निष्कर्ष निकाल्न सकिन्छ । उदाहरणका लागि घाँस हरियो छ । घाँस हरियो हुन्छ जब यसलाई सिँचाइ गरिन्छ र उपयुक्त तवरले खेती खेरिन्छ ।

५. भविष्यवाणी : वर्तमान ज्ञान, बोध, अवलोकन र निष्कर्षका आधारमा अपेक्षित परिणामको विचार बनाउने गर्ने कार्य नै भविष्यवाणी हो । भविष्यवाणी गर्नु अनुमोदन गर्नु होइन तर विश्वास गर्नु हो । गलत व्याख्या वा सूचनाहरू तथा पहिले थाहा नभएका कुराहरूलाई स्पष्ट पार्नका लागि लिखित अथवा मौखिक रूपमा व्याख्या गर्ने कार्य भविष्यवाणीअन्तर्गत पर्दछन् । उदाहरणका लागि घाँस खैरो हुने छ । यसको व्याख्या जब घाँसलाई सिँचाइ गरिँदैन र घाँसका लागि आवश्यक वस्तुहरूको व्यवस्थापन गरिँदैन तब यो खैरो हुने छ ।

६. सञ्चार : कार्य, प्रदर्शनहरू, चित्र, टेबल, चार्ट आदिको बारेमा अरूलाई विचारहरू, अनुभवहरू, सूचनाहरू, जानकारीहरू दिनका लागि मौखिक र लिखितरूपमा सम्प्रेषण गर्नु सञ्चार हो । उदाहरणका लागि जलचक्रको चार्ट तयार गरी शिक्षक तथा अन्य व्यक्तिहरूलाई त्यसको बारेमा व्याख्या गर्ने आदि ।

७. प्रयोग : सिकेको ज्ञान, सिप तथा अनुभवहरूलाई नयाँ परिवेशमा उपयोग गरी आइपरेका समस्या समाधान गर्नु प्रयोग सिप हो । उदाहरणका लागि पानी परेको समयमा छाता बोक्नु, वरपरका वस्तुहरूलाई डुब्ने र नडुब्ने छुट्याउनु, चुम्बकीय र अचुम्बकीय वस्तु छुट्याउनु, चालक र अचालक वस्तु छुट्याउनु आदि ।

### ६.४.६ विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ । निर्माणात्मक मूल्याङ्कनका लागि कक्षा क्रियाकलाप, विद्यार्थीको कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा विभिन्न समयमा लिइएका परीक्षाहरू, अतिरिक्त क्रियाकलाप, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् उल्लिखित साधनहरूको प्रयोग गरी सो क्षेत्र वा एकाइमा विद्यार्थीहरूको सिकाइ स्तर पहिचान गरी सिकाइ समस्या भएका विद्यार्थीहरूको सिकाइ सुधारका लागि थप पृष्ठपोषण दिनुपर्दछ । न्यूनतम स्तरको सिकाइ स्तर हासिल भएको सुनिश्चितता नभएसम्म पृष्ठपोषणलाई निरन्तरता दिनुपर्दछ । विद्यार्थीहरूको निर्माणात्मक मूल्याङ्कनको अभिलेखलाई प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरी अभिलेखीकरण गर्नुपर्ने छ ।

#### (अ) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनमा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भार हुने छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत सहभागिता, प्रयोगात्मक तथा परियोजना कार्य र विभिन्न समयमा लिइएका परीक्षाका अङ्क समावेश हुने छ । विद्यार्थीहरूको निर्माणात्मक मूल्याङ्कनको अभिलेखलाई प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरी अभिलेखीकरण गर्नुपर्ने छ ।

#### (आ) बाह्य मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप

विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परिक्षाका लागि विशिष्टीकरण तालिका र संश्लेषित पाठ्यक्रम पाठ्यपुस्तकका आधारमा प्रश्न निर्माण गर्नुपर्छ ।

**विशिष्टीकरण तालिका**

| क्रसं. | विषयक्षेत्र | परीक्षण गर्ने पक्ष | प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|
| १. | वैज्ञानिक सिकाइ प्रक्रिया | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | २.० |
| २. | सूचना र सञ्चार | ज्ञान र बोध | २ | १.० |
| | | प्रयोग | २ | १.० |
| | | उच्च दक्षता | २ | ७.० |
| ३. | जीव र वातावरण | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ४. | जीवहरूको वर्गीकरण | ज्ञान र बोध | २ | १.० |
| | | प्रयोग | २ | १.० |
| | | उच्च दक्षता | २ | ७.० |
| ५. | जीवन प्रक्रिया | ज्ञान र बोध | १ | ०.५ |

| क्रसं. | विषयक्षेत्र | परीक्षण गर्ने पक्ष | प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ६. | पदार्थ | ज्ञान र बोध | २ | २.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ७. | दैनिक जीवनमा शक्ति | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ८. | पृथ्वी र अन्तरिक्ष | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | २.० |
| जम्मा | | | ३१ | ५० |

***नोट :*** अन्तिम परिक्षामा वस्तुगत प्रश्न र विषयगत प्रश्न निर्माण गरिनुपर्दछ । वस्तुगत प्रश्नहरूमा खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने, बहुविकल्प प्रश्नहरू ५/५ ओटाका दरले निर्माण गरिनुपर्दछ । वस्तुगत प्रश्नहरूको जम्मा अङ्कभार १० रहने छ । वस्तुगत प्रश्नहरूमा छोटो उत्तर आउने प्रश्न निर्माण गरिनुपर्दछ । छोटो उत्तर आउने प्रति एउटाको अङ्कभार २ रहने छ भने लामो उत्तर आउने प्रति प्रश्नको अङ्कभार ५ रहनेछ ।

## ६.५ सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा

### ६.५.१ परिचय

सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा समाज र मानव सम्बन्धको अध्ययन गर्ने विषय हो । यस विषयअन्तर्गत विभिन्न सामाजिक विज्ञानसँग अन्तरसम्बन्धित विषयवस्तु समावेश गरिएका हुन्छन् । विभिन्न सामाजिक विज्ञानका विषयहरू समावेश गरी बदलिँदो विश्व परिवेश, राष्ट्रिय सन्दर्भ, समसामयिक विषयवस्तु र स्थानीय आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी यो संश्लेषित पाठ्यक्रम तयार पारिएको छ । यस विषयको अध्ययनबाट विद्यार्थीलाई एक असल नागरिक भई जीवनयापन गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यक्रमले मानवमूल्य शिक्षामार्फत असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, समानुभूति, विश्वास, भाइचारा जस्ता मानवीय मूल्यलाई व्यावहारिक रूपमा विकास गराउँदै जाने उद्देश्य राखेको छ । त्यसैगरी यस विषयले विविधताको सम्मान गर्ने मूल्य विकास गराउने लक्ष्य पनि राखेको छ ।

सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयको एकीकृत रूपमा पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रमबाट विद्यार्थीमा सामुदायिक भावनाको विकास, विद्यार्थीहरूले, गाउँ समाज र राष्ट्रको विकासका सामान्य अवधारणा बुझ्न, आफ्ना सामाजिक मूल्य तथा मान्यतासँग परिचित भई एक लगनशील, कर्तव्यनिष्ठ, इमान्दार र असल नागरिक बन्न, नेपालको भौगोलिक परिवर्तन तथा विगतका ऐतिहासिक घटनाक्रमबाट पाठ सिकी आफूलाई परिवर्तन गर्न सकून् भन्ने उद्देश्य राखिएको छ । त्यसै गरी आर्थिक क्रियाकलापसँग परिचित भई श्रमप्रति लगनशील हुनु र सम्मान गर्न सकून् भन्ने उद्देश्य यस पाठ्यक्रमले राखेको छ । यसका विषयक्षेत्रलाई आधारभूत तह १ सँग क्रमबद्ध गर्ने प्रयास गरिएको छ ।

यस पाठ्यक्रममा समावेश गरिएका मुख्य विषयवस्तुमा हामी र हाम्रो समाज, हाम्रो मूल्यमान्यता, सामाजिक समस्या तथा समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत र हाम्रो आर्थिक क्रियाकलाप रहेका छन् । यस पाठ्यक्रममा तह २ सक्षमता, तहगत सिकाइ उपलब्धि, विषयवस्तुको विस्तृतीकरण, सम्भावित प्रयोगात्मक तथा

परियोजना कार्यका लागि मार्गदर्शन तथा मूल्याङ्कन विधि, प्रक्रिया तथा साधनहरूको सङ्केत गरिएको छ ।

### ६.५.२ सक्षमता

(क) हामी र हाम्रो समुदायसँग सम्बद्ध पक्षहरूको पहिचान र सम्मान

(ख) हाम्रा सामाजिक र मानवीय मूल्यमान्यताहरूको पहिचान, परिपालन र संरक्षण

(ग) राष्ट्र र राष्ट्रियताको सम्मान, राष्ट्रिय सम्पदाहरूको पहिचान र संरक्षण

(घ) अधिकार र कर्तव्यको बोध, प्रस्तुति तथा उपयोग

(ङ) असल समाज निर्माणका आधारहरू पहिचान एवम् अवलम्बन

(च) आफू र आफ्नो समुदायको विगतको पहिचान एवम् गौरवगान

(छ) समुदायका प्रमुख आर्थिक क्रियाकलापको परिचय र महत्त्व बोध

(च) नेपालको भौगोलिक अवस्थाको बोध र नक्सा कार्य

(ज) विपत्बाट सुरक्षित रहने उपायहरूको अवलम्बन

(झ) सूचना, सञ्चार तथा प्रविधिका साधनहरूको पहिचान र सदुपयोग

### ६.५.३ सिकाइ उपलब्धि

| क्रस | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | हामी र हाम्रो समुदाय | १.१ निकटका छिमेकी एवम् समुदायसँग उचित व्यवहार गरी विकासका काममा सहयोग आदानप्रदान गर्न<br>१.२ समुदायमा प्रचलित विभिन्न पेसा तथा व्यवसायहरू पहिचान गरी ती पेसाका मुख्य कार्य उल्लेख गर्न र सम्मान गर्न<br>१.३ समुदायको विकासका लागि सञ्चालित सामुदायिक कार्यहरू पहिचान गरी तिनीहरूको महत्त्व बताउन<br>१.४ समुदायमा सामाजिक सम्बन्धको आवश्यकता बताउन र |

| क्रस | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | | असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपायहरू अवलम्बन गर्न |
| २ | हाम्रा मानव मूल्यमान्यता | २.१ मान्यजनबाट प्रेरणा लिई असल बानी बसाल्न र व्यवहार गर्न<br>२.२ स्थानीय परम्परागत सामाजिक मान्यता तथा प्रचलनहरूको पहिचान गर्न<br>२.३ स्थानीय भाषा, वेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरूको परिचय दिई महत्त्व पहिचान गर्न<br>२.४ आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी<br>२.५ राष्ट्रिय विभूतिको सामान्य परिचय दिन र प्रेरणा प्राप्त गर्न |
| ३ | नागरिक चेतना, कर्तव्य र अधिकार | ३.१ व्यक्तिगत र पारिवारिक सुरक्षाको आवश्यकता बताउन र सुरक्षाका उपायहरू अपनाउन<br>३.२ आफ्नो अधिकारप्रति सजग रही कर्तव्य पूरा गर्न<br>३.३ स्थानीय क्षेत्रका सार्वजनिक एवम् प्राकृतिक सम्पदाहरूको पहिचान गरी तिनीहरूको उचित उपयोग र संरक्षणमा सहभागी हुन<br>३.४ सडक सुरक्षा तथा ट्राफिक नियमको पालना गर्न र अरूलाई पनि सचेत गराउन<br>३.५ स्थानीय स्तरका सेवा प्रदायक निकायले प्रदान गर्ने सेवाहरूको पहिचान र उपयोग गर्न<br>३.६ व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने |

| क्रस | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | | निकायहरूको पहिचान गर्न |
| ४ | . सामाजिक समस्या र समाधान | ४.१ असल समाजको परिचय दिई निर्माणमा सहयोग गर्न<br>४.२ सामाजिक समस्याहरूको पहिचान गर्न र समाधानका उपायहरू बताउन<br>४.३ सामाजिक समस्या समाधानमा स्थानीय टोल/समुदाय स्तरमा भएका सङ्घसंस्थाहरूको योगदान बताउन र सुरक्षित हुन । |
| ५ | . हाम्रो विगत | ५.१ आफू रहेको समुदायको विगत र वर्तमान बताउन<br>५.२ आफ्नो गाउँ ठाउँको नाम र सो नाम रहनुको कारण बताउन<br>५.३ आफ्नो पुर्खाको योगदान एवम् समुदायमा योगदान गर्ने व्यक्तिको पहिचान गरी सम्मान गर्न<br>५.५ नेपाल शब्दको उत्पतिसम्मन्धी विभिन्न किंवदन्तीहरू बताउन |
| ६ | हाम्रो आर्थिक क्रियाकलाप | ६.१ आफ्नो समुदाय र क्षेत्रका मानिसले गर्ने श्रम/कामको सम्मान र सहयोग गर्न<br>६.२ आफ्नो स्थानीय तहभित्रका उत्पादित वस्तु एवम् आर्थिक क्रियाकलापको पहिचान गर्न र महत्त्व बताउन र उपयोग गर्न<br>६.३ स्थानीय समुदायमा उत्पादन हुने वस्तुहरूको सूची तयार गर्न र बिक्री गर्ने बजारको नाम उल्लेख गर्न<br>६.४ हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलाप उल्लेख गर्न |

| क्रस | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | | ६.५ स्थानीय हाटबजार/बजारमा हुने आर्थिक क्रियाकलापको अवलोकन गरी महत्त्व बताउन र वस्तुको उपयोगप्रति सचेत रहन |
| ७ | हाम्रो पृथ्वी | ७.१ सौर्यमण्डल, ग्रह र उपग्रहको सामान्य परिचय दिन<br>७.२ पृथ्वीबाट हामीले प्राप्त गर्ने विभिन्न साधन स्रोतको पहिचान गर्न<br>७.३ आफू बसेको स्थान र नेपालको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवन उल्लेख गर्न<br>७.४ स्थानीय विपत्को पहिचान गर्न र सावधानीका उपाय अपनाउन<br>७.५ आफू रहेको प्रदेशको नक्सा उतार गरी आफ्नो जिल्ला र स्थानीय तह देखाउन<br>७.६ नेपालको नक्सा अध्ययन र प्रयोग गर्न |

### ६.५.४ विषयवस्तुको क्षेत्र र क्रम तथा तिनको विस्तृतीकरण

| क्रस. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्यघण्टा | स्वनिर्देशित कार्यघण्टा |
|---|---|---|---|---|
| १ | हामी र हाम्रो समुदाय | • निकटका छिमेकी एवम् समुदायसँग उचित व्यवहार, विकासका काममा सहयोग<br>• समुदायमा प्रचलित विभिन्न पेसा तथा व्यवसायहरू, पेसाका मुख्य कार्य र सम्मान | ५ | १५ |

| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्यघण्टा | स्वनिर्देशित कार्यघण्टा |
|---|---|---|---|---|
| | | • समुदायको विकासका लागि सञ्चालित सामुदायिक कार्यहरू र महत्त्व<br>• समुदायमा सामाजिक सम्बन्धको आवश्यकता र असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपायहरू | | |
| २ | हाम्रा मानव मूल्यमान्यता | • मान्यजनबाट प्रेरणा, असल बानी र व्यवहार<br>• स्थानीय परम्परागत, सामाजिक मान्यता र प्रचलनहरू<br>• स्थानीय भाषा, वेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरूको परिचय र महत्त्व<br>• आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी<br>• राष्ट्रिय विभुतिको सामान्य परिचय र प्रेरणा | ७ | १९ |
| ३ | नागरिक चेतना, कर्तव्य | • व्यक्तिगत र पारिवारिक सुरक्षाको आवश्यकता र | ६ | १८ |

| क्रस. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्यघण्टा | स्वनिर्देशित कार्यघण्टा |
|---|---|---|---|---|
| | र अधिकार | सुरक्षाका उपायहरू<br>• आफ्नो अधिकारप्रति सजग र कर्तव्य पूरा<br>• स्थानीय क्षेत्रका सार्वजनिक एवम् प्राकृतिक सम्पदाहरूको पहिचान, तिनीहरूको उचित उपयोग र संरक्षण<br>• सडक सुरक्षा तथा ट्राफिक नियमको पालना र सचेतता<br>• स्थानीय स्तरका सेवा प्रदायक निकायले प्रदान गर्ने सेवाहरूको पहिचान र उपयोग<br>• व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरू | | |
| ४ | सामाजिक समस्या र समाधान | • असल समाजको परिचय र निर्माणमा सहयोग<br>• सामाजिक समस्याहरूको पहिचान र समाधानका उपायहरू<br>• सामाजिक समस्या समाधानमा स्थानीय टोल /समुदाय स्तरमा भएका सङ्घसंस्थाहरूको | ५ | १५ |

| क्रस. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्यघण्टा | स्वनिर्देशित कार्यघण्टा |
|---|---|---|---|---|
| | | योगदान र सुरक्षा | | |
| ५ | हाम्रो विगत | • आफू रहेको समुदायको विगत र वर्तमान<br>• आफ्नो गाउँ ठाउँको नाम र नाम रहनुको कारण<br>• आफ्नो पुर्खाको योगदान एवम् समुदायमा योगदान गर्ने व्यक्तिको पहिचान<br>• नेपाल शब्दको उत्पतिसम्बन्धी विभिन्न किंवदन्तीहरू | ४ | १४ |
| ६ | हाम्रो आर्थिक क्रियाकलाप | • आफ्नो समुदाय र क्षेत्रका मानिसले गर्ने श्रम/कामको सम्मान र सहयोग<br>• आफ्नो स्थानीय तहभित्रका उत्पादित वस्तु एवम् आर्थिक क्रियाकलापको पहिचान गर्न र महत्त्व र उपयोग<br>• स्थानीय समुदायमा उत्पादन हुने वस्तुहरूको सूची र बिक्री गर्ने बजारको नाम<br>• हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलाप | ७ | १९ |

| क्रस. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्यघण्टा | स्वनिर्देशित कार्यघण्टा |
|---|---|---|---|---|
| | | • स्थानीय हाटबजार/बजारमा हुने आर्थिक क्रियाकलापको अवलोकन गरी महत्त्व, वस्तुको उपयोग र सचेतता | | |
| ७ | हाम्रो पृथ्वी | • सौर्यमण्डल, ग्रह र उपग्रहको सामान्य परिचय<br>• पृथ्वीबाट हामीले प्राप्त गर्ने विभिन्न साधन स्रोतहरू<br>• आफू बसेको स्थान र. नेपालको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवन<br>• स्थानीय विपत्को पहिचान, सावधानीका उपाय<br>• आफू रहेको प्रदेशको नक्सा, आफ्नो जिल्ला र स्थानीय तह<br>• नेपालको नक्सा अध्ययन र प्रयोग | ७ | १९ |

### ६.५.५ सिकाइ सहजीकरण प्रक्रिया र विधि

सामाजिक अध्ययन विषयले विद्यार्थीलाई सामुदायिक भावनाले ओतप्रोत भएको, राष्ट्र र राष्ट्रियताप्रति समर्पित, मानवीय मूल्यमान्यताप्रति सचेत र समाज परिवर्तनका लागि भूमिका खेल्ने असल नागरिक तयार गर्ने उद्देश्य राखेको छ । सामाजिक जीवनसँग

सम्बन्धित विभिन्न क्षेत्रहरूलाई समेटेर यस विषयको पाठ्यक्रम तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको सहजीकरण गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्छ । विद्यार्थीहरूमा सैद्धान्तिक र व्यावहारिक दुवै पक्षको विकास गराई सकारात्मक व्यवहारको जगेर्ना गर्नु यस विषयको मुख्य ध्येय हो । विद्यार्थीहरूमा समालोचनात्मक तथा सकारात्मक सोचको विकास, प्रतिभा प्रष्फुटन, सिजर्नात्मक सिपको विकास र विविध प्रकारका सामाजिक सिपको विकास गरी व्यवहारमा सुधार गर्दै समाजको नेतृत्व गर्न सक्ने क्षमताको विकास गराउने जस्ता मूलभूत उद्देश्यहरू यस विषयले राखेको छ ।

सामाजिक अध्ययनका विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर, विद्यालय, परिवार, टोल, विभिन्न समूह, समुदायलगायत स्थानीय सरकारसँग सम्बन्धित क्रियाकलापहरू गराउनुपर्ने छ । विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीहरूलाई आआफ्ना समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गर्नुपर्ने छ । यस विषयले विद्यार्थीमा कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भ चित्र, तालिका, तस्विर, नक्सा जस्ता सिर्जनशील विधाहरूमार्फत आवश्यक ज्ञान, सिप र अभिवृत्ति विकास गराउँदै सिर्जनशीलताको विकास गराउने लक्ष्य राखेको छ ।

सामाजिक सिप विकासका लागि सबै विद्यार्थीलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ । त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृद्धि गराउनु सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । किशोरकिशोरी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले सामाजिक अध्ययन विषयमा सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका बालकेन्द्रित क्रियाकलापमुखी विधिहरू प्रयोग गर्नुपर्छ । जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना कार्य, प्रयोग, स्थलगत

भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य आदि हुन सक्छन् ।

### ६.५.६. विद्यार्थी मूल्याङ्कन

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ । आन्तरिक मूल्याङकन ५० प्रतिशत र आवधिक मूल्याङ्कन ५० प्रतिशतको हुने छ ।

(क) आन्तरिक मूल्याङ्कन ढाँचा

| क्रसं | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र सिकाइ सहभागिता | ४ |

| | | |
|---|---|---|
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना | १६ |
| ४ | विभिन्न परीक्षाहरू | १० |
| **जम्मा** | | **५०** |

(ख) **बाह्य मूल्याङ्कन**

आवधिक परीक्षा निर्णयात्मक मूल्याङ्कनमा आवधिक परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र संश्लेषित पाठ्यक्रम एवम् पाठ्यपुस्तकलाई आधार मानी निर्माण गरिनुपर्छ ।

**विशिष्टीकरण तालिका**

| क्रसं. | विषयक्षेत्र | परीक्षण गर्ने पक्ष | प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|
| १. | हामी र हाम्रो समाज | ज्ञान र बोध | २ | १.० |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | २.० |
| २. | हाम्रा मानव मूल्य र मान्यता | ज्ञान र बोध | २ | १.० |
| | | प्रयोग | २ | १.० |

| क्रसं. | विषयक्षेत्र | परीक्षण गर्ने पक्ष | प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|
| | | उच्च दक्षता | २ | ७.० |
| ३. | नागरिक चेतना | ज्ञान र बोध | २ | १.० |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ४. | सामाजिक समस्या र समाधान | ज्ञान र बोध | २ | १.० |
| | | प्रयोग | २ | १.० |
| | | उच्च दक्षता | २ | ७.० |
| ५. | हाम्रो विगत | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | २ | २.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ६. | हाम्रा आर्थिक क्रियाकलाप | ज्ञान र बोध | २ | २.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ७. | हाम्रो पृथ्वी | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| जम्मा | | | ३१ | ५० |

***नोट :** अन्तिम परीक्षामा वस्तुगत प्रश्न र विषयगत प्रश्न निर्माण गरिनुपर्दछ । वस्तुगत प्रश्नहरूमा खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने, बहुविकल्प प्रश्नहरू ५/५ ओटाका दरले निर्माण गरिनुपर्दछ । वस्तुगत प्रश्नहरूको जम्मा अङ्कभार १० रहने छ । वस्तुगत प्रश्नहरूमा छोटो उत्तर आउने प्रश्न निर्माण गरिनुपर्दछ । छोटो उत्तर आउने प्रति एउटाको अङ्कभार २ रहने छ भने लामो उत्तर आउने प्रति प्रश्नको अङ्कभार ५ रहनेछ ।*

## ६.६ स्वास्थ्य, शारीरिक शिक्षा तथा सिर्जनात्मक कला

### ६.६.१ परिचय

हरेक व्यक्तिले सुखमय जीवनयापन गर्नका लागि स्वस्थ रहनुपर्छ । शारीरिक व्यायाम र योग अभ्यास निरन्तर गर्नुपर्छ । बालबालिकाहरूमा स्वस्थकर बानीव्यवहार, शारीरिक तथा सिर्जनात्मक क्रियाकलापद्वारा स्वस्थ शरीरको विकास गर्न र अन्तर्निहित प्रतिभाहरूको प्रस्फुटन गर्न स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाको जरुरत पर्दछ । बालबालिकाहरूको शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक तथा नैतिक पक्षहरूको विकास गरी स्वस्थ, अनुशासित र सिर्जनशील नागरिक तयार गर्ने उद्देश्यले संश्लेषित पाठ्यक्रम विकास गरिएको छ ।

बालबालिकाहरू स्वस्थ हुनका लागि व्यक्तिगत स्वच्छता, वातावरणीय सरसफाइ र पोषणका आवश्यकतासँगै स्वास्थ्य सेवाहरूमा सहज पहुँच सुनिश्चित गर्न व्यक्तिको स्वास्थ्यसम्बन्धी ज्ञान, अभिवृत्ति र व्यवहारले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । शारीरिक शिक्षाले शारीरिक क्रियाकलाप तथा खेलकुदका माध्यमबाट स्वस्थ र तन्दुरुस्त शरीर बनाउन मदत गर्नुको साथै बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा नैतिक पक्षको समेत विकास गर्दछ । त्यसै गरी बालबालिकाहरूलाई आफ्नो अनुभूति, अनुभव, सिर्जनालाई स्वतन्त्र र मौलिक रूपले अभिव्यक्त गर्न सिर्जनात्मक कलाको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । यसअन्तर्गत दृश्यकला (चित्रकला तथा हस्तकला) र सङ्गीत कला समावेश गरिएको छ । विद्यार्थीहरूमा

अन्तर्निहित कलासम्बन्धी ज्ञानले अन्य विषयहरूको सिकाइलाई सहज बनाउन र माथिल्लो तहको सिकाइलाई समेत सघाउनुका साथै उनीहरूको व्यावहारिक जीवनमा मदत पुऱ्याउँछ । उल्लिखित समग्र पक्षको क्रियाकलापको सञ्चालनद्वारा बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, सांस्कृतिक, नैतिक पक्षको विकास गर्न यो संश्लेषित पाठ्यक्रम एकीकृत रूपमा तयार पारिएको छ ।

बालबालिकाहरूमा स्वास्थ्य, शारीरिक शिक्षा तथा सिर्जनात्मक कलासम्बन्धी ज्ञान, सिप र अभिवृत्तिको विकास गराउने उद्देश्यले यो पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रममा मुख्यतः विषयवस्तुलाई तेह्रओटा एकाइमा समावेश गरिएको छ । स्वास्थ्य शिक्षाअन्तर्गत व्यक्तिगत स्वच्छता, वातावरणीय सरसफाइ, खाना र पोषण, रोग र दुर्व्यसन, सुरक्षा र प्राथमिक उपचार जस्ता विषय क्षेत्रहरू समावेश गरिएको छ । शारीरिक शिक्षाअन्तर्गत कवाज र शारीरिक कसरत, एथलेटिक्स र जिम्नास्टिक, खेलहरू र योग जस्ता विषय क्षेत्रहरू समावेश गरिएको छ भने सिर्जनात्मक कलाअन्तर्गत रेखाचित्र र रङ, छपाइ, माटोको काम र निर्माण, गायन र वादन, नृत्य र अभिनयसम्बन्धी विषयवस्तुहरू राखिएको छ ।

स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला प्रयोगात्मक तथा क्रियाकलापमुखी विषय भएकाले यस विषयमा समावेश गरिएका सिकाइ उपलब्धिहरू सहजरूपमा पूरा गर्न अधिक रूपमा प्रयोगात्मक तथा परियोजनामा आधारित सिकाइ क्रियाकलापहरूलाई पाठ्यक्रमले जोड दिएको छ । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चित गर्न शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने गरी आन्तरिक मूल्याङ्कनलाई जोड दिइएको छ भने विषयवस्तुको संज्ञानात्मक पक्षको मूल्याङ्कन गर्नका लागि बाह्य मूल्याङ्कनको प्रावधान राखिएको छ ।

### ६.६.२ तहगत सक्षमता

१. व्यक्तिगत स्वच्छताका उपायहरू अवलम्बन

२. वातावरणीय सरसफाइप्रति सचेतता र संलग्नता

३. स्वस्थकर र सन्तुलित खानाको महत्त्व बोध तथा प्रयोग

४. रोग र दुर्व्यसनबाट बच्ने उपायहरू अवलम्बन

५. दुर्घटनाहरूप्रति सुरक्षा सचेतता र प्राथमिक उपचार सिपको प्रयोग

६. धूमपान र मद्यपानका असरहरूप्रति सचेतता र बच्ने उपाय अवलम्बन

७. शारीरिक क्रियाकलापका आधारभूत सिपहरू प्रदर्शन

८. स्वस्थ्य जीवनशैली प्रवर्धनमा शारीरिक कसरत, व्यायाम, कवाज र योग अभ्यास

९. विविध खेलहरूका आधारभूत सिपहरूको प्रदर्शन र अभ्यास

१०. जिम्नास्टिक वा पल्टनबाजी र शारीरिक सन्तुलनका सिपहरूको अभ्यास

११. चित्रकलाको विकासमा आधारभूत सिपको प्रयोग

१२. हस्तकलाका आधारभूत सिपहरूको प्रयोग, छपाइ तथा निर्माण कार्य प्रदर्शन

१३. स्वतन्त्र रूपले लय मिलाई एकल तथा समूहमा गीतको प्रस्तुति

१४. विभिन्न स्थानीय बाजाहरूको पहिचान र तालमा बजाउने अभ्यास

१५. एकल, युगल तथा समूहमा नृत्य र अभिनय प्रदर्शन

### ६.६.३ सिकाइ उपलब्धि

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | व्यक्तिगत स्वच्छता | १.१ पुरै शरीरको हेरचाह र सरसफाइ गर्न<br>१.२ सफा पहिरनको महत्त्व बताउन र प्रयोग गर्न<br>१.३ आराम, निन्द्रा र शारीरिक व्यायामको महत्त्व बताउन<br>१.४ महिनावारी हुँदा अपनाउनुपर्ने स्वास्थ्यकर तथा सुरक्षित व्यवहारहरू उल्लेख गर्न<br>१.५ महिनावारी स्वच्छतामा परिवार र साथीहरूको भूमिका बताउन |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| २ | वातावरणीय सरसफाइ | २.१ वातावरणीय सरसफाइको परिचय दिन र महत्त्व बर्णन गर्न<br>२.२ पानी शुद्धीकरण गर्ने विधि अवलम्बन गर्न<br>२.३ वातावरणीय प्रदूषणले स्वास्थ्यमा पार्ने प्रभावहरू बताउन र प्रदूषणबाट बच्ने उपायहरू उल्लेख गर्न<br>२.४ कक्षाकोठा, विद्यालय र वरपरको वातावरण सरसफाइमा सहभागी हुन<br>२.५ वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने उपायहरू बताउन<br>२.६ जैविक र अजैविक फाहोरको व्यवस्थापन गर्न |
| ३ | खाना र पोषण | ३.१ खाना, पोषण र पोषक तत्वको परिचय दिई पोषक तत्वको कार्य उल्लेख गर्न<br>३.२ सन्तुलित खानाको परिचय दिन र खानेकुराको संरक्षण गर्ने तरिकाहरू बताउन<br>३.३ स्थानीय स्तरमा उत्पादन हुने खानेकुराको परिचय दिन<br>३.४ अल्पपोषक खानेकुरा (Junk Food) ले स्वास्थ्यमा पार्ने असरहरू बताउन र यसबाट टाढा रहन |
| ४ | रोग, धूमपान र मद्यपान | ४.१ सरुवा रोग एवम् प्रत्यक्ष सर्म्पकबाट सर्ने रोगको परिचय दिन र रोकथामका उपाय अपनाउन<br>४.३ दूषित खाना र पानीबाट सर्ने रोगको परिचय दिन र रोकथामका उपाय अवलम्बन गर्न |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
| --- | --- | --- |
| | | ४.५ दूषित हावाबाट सर्ने रोगहरूको परिचय दिन र रोकथामका उपायहरू अवलम्बन गर्न<br>४.७ किराको टोकाइबाट सर्ने रोगको परिचय दिन रोकथामका उपाय अपनाउन<br>४.९ जनावरको टोकाइबाट सर्ने रोगहरूको परिचय दिन र रोकथामका उपाय अपनाउन<br>४.११ धूमपान, मद्यपानको परिचय, कारण र असर बताउन<br>४.१२ धूमपान, मद्यपानको प्रयोगले व्यक्ति, परिवार र समुदायमा पार्ने असरको सूची बनाउन र बच्ने उपायहरू बताउन |
| ५ | सुरक्षा र प्राथमिक उपचार | ५.१ सुरक्षा शिक्षाको परिचय दिन र विविध दुर्घटना निम्त्याउने सम्भावित खतराबाट सुरक्षित हुने उपायहरू अपनाउन<br>५.२ प्राथमिक उपचारको परिचय दिन<br>५.३ प्राथमिक उपचार बाकसमा हुनुपर्ने सामग्रीहरू र तिनीहरूको आवश्यकता बताउन<br>५.४ घर विद्यालय र खेल मैदानमा हुन सक्ने दुर्घटनाबाट बच्ने उपाय अपनाउन |
| ६ | कवाज र शारीरिक कसरत | ६.१ कवाज र शारीरिक कसरतको परिचय दिई महत्त्व बताउन<br>६.२ गोडा फाट, गोडाचाल र अड र सतर्कको अभ्यास गर्न र आदेशअनुसार ठिक किसिमले सो कार्य |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | | प्रदर्शन गर्ने<br>६.३ दायाँ फर्क, बायाँ फर्क र पूरा फर्क ठिक किसिमले प्रदर्शन गर्ने<br>६.४ तोकिएको नियमअनुसार शारीरिक कसरतहरूहरू आदेशअनुसार प्रदर्शन गर्ने |
| ७ | एथ्लेटिक्स र जिम्नास्टिक्स | ७.१ उभिएर सुरु गर्ने दौड र समूहमा विभिन्न साधारण दौडको अभ्यास गर्ने<br>७.२ ताल दौडमा क्राउच स्टार्ट गर्ने तरिका प्रदर्शन गर्ने<br>७.३ ७५ मि. र १०० मि. दौडको सिपको प्रदर्शन गर्ने<br>७.४ कैँची तरिकाको हाइजम्पका सिप प्रदर्शन गर्ने<br>७.५ ठिक तरिकाले लामो उफ्राइका सिप प्रदर्शन गर्ने<br>७.६ क्रस स्किपिङ र घुमाएको लामो डोरी समूह स्किपिङ गर्ने<br>७.७ पछाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन गर्ने<br>७.८ बार र पोलमा डोरीमा झुन्डिने र झर्ने सिपको प्रदर्शन गर्ने<br>७.९ छेउबाट मुढा झैँ पल्टने र काँधले टेकेर पल्टने सिपको प्रदर्शन गर्ने<br>७.१० शरीरलाई विभिन्न आकारमा सन्तुलन गराउने सिपको प्रदर्शन गर्ने |
| ८ | साधारण, | ८.१ साधारण खेलको परिचय र महत्त्व चर्चा गर्ने |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | स्थानीय र बल खेलहरू | ८.२ स्थानीय खेलको महत्त्व बताउन<br>८.३ साधारण खेलहरूको अभ्यासमार्फत मनोरन्जन गर्न<br>८.४ स्थानीय परिवेशमा खेलिने खेलहरू नियमानुसार अभ्यास गर्न<br>८.५ फुटबलमा ड्रिबलिङ सिपको विकास गर्न<br>८.६ फुटबलमा गोडाको भित्री भागबाट हान्ने सिपको प्रदर्शन गर्न<br>८.७ फुटबलमा गोडाको बाहिरी भागबाट हान्ने सिपको प्रदर्शन गर्न<br>८.८ बास्केटमा ड्रिबलिङको सिपको विकास गर्न<br>८.९ बास्केटमा पासिङ सिपको विकास गर्न<br>८.१० डजबलमा पासिङ र क्याचिङ सिपको प्रदर्शन गर्न<br>८.११ डजबलमा डजिङ सिपको प्रदर्शन गर्न<br>८.१२ समूहमा फुटबल, बास्केटबल र डजबल खेलको प्रदर्शन गर्न |
| ९ | योगासन | ९.१ योग प्रणायामको परिचय दिई महत्त्व बताउन<br>९.२ प्रणायाम र ध्यानको सङ्क्षिप्त परिचय दिन र महत्त्व बताउन<br>९.३ साधारण प्रणायाम र ध्यानको अभ्यास गर्न<br>९.४ सुखाशन, ताडासन अर्धहलासन, त्रिकोणासन बज्रासन, पर्वतासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्न |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| १० | रेखाचित्र र रङ | १०.१ रङको परिचय दिन<br>१०.२ प्राथमिक रङबाट द्वितीय रङको निर्माण गर्न<br>१०.३ रेखा चित्र बनाउन आवश्यक आधारभूत कुरा बताउन<br>१०.४ विभिन्न किसिमका आकृतिहरूको रेखाङ्कन (outline sketch) गर्न<br>१०.५ व्यक्तिगत रूपमा आफूले अनुभव गरेका र कल्पनामा आधारित चित्रको अभ्यास गर्न<br>१०.६ विभिन्न किसिमका पुनरावृत्ति भएका र नभएका बुट्टाको अभ्यास गर्न<br>१०.७ रेखाङ्कन गरिएका स्केच (sketch) मा रङको प्रयोग गर्न<br>१०.८ विभिन्न प्रकारका वस्तुको अवलोकन गरी चित्र बनाउन र उपयुक्त रङ भर्न<br>१०.९ कुनै विषयवस्तुमाथि सामूहिक रूपमा म्युरल चित्र (Mural art) बनाउन |
| ११ | छपाइ, माटाको काम र निर्माण कार्य | ११.१ छपाइको परिचय दिन र विभिन्न किसिमका आकृतिलाई छपाइ गर्न<br>११.२ आकृतिमूलक (representational) र आकृतिविहीन (non- representational) प्रिन्टहरू निकाल्न र त्यसको प्रयोग गर्न<br>११.३ स्टेन्सिल छपाइ गर्न |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | | ११.४ क्वायल, स्ल्याब विधिबाट विभिन्न आकारमा माटाका नमुनाहरू तयार गर्न र रङको प्रयोग गर्न<br>११.५ तारका टुक्राहरू बङ्ग्याएर विभिन्न साधारण आकृतिहरू निर्माण गर्न<br>११.६ कागजलाई काटेर वा च्यातेर कुनै वस्तुको नमुना निर्माण गर्न<br>११.७ खेर फालिने वस्तुहरू सङ्कलन गरी तार, सिन्का, कागज, माटो, गुद, टेप आदिको प्रयोग गरी जोडेर निर्माण गर्न<br>११.७ काठमा भएका विभिन्न रेसा (texture) को पहिचान गर्न<br>११.८ काठमा भएका विभिन्न रेसाहरूको छपाई गर्न |
| १२ | गायन र वादन | १२.१ राष्ट्रिय गान र कक्षागत गीत समूह र एक्लाएक्लै लय मिलाई गाउन र लयमा गन्ती गरी ताली बजाउन<br>१२.२ पाठ्यपुस्तकमा समावेश भएका बाल गीतमध्ये कुनै दुई गीतलाई भाका मिलाई गाउन<br>१२.३ हार्मोनियम/किबोर्डबाट निस्कने स्वरहरूको केही अलङ्कारसहित स्वर अभ्यास गर्न<br>१२.४ स्थानीय बाजाहरूको सामान्य परिचय दिन<br>१२.५ अभ्यास गरेका स्वरहरू सुन्दै लयमा गन्ती गरी तालवाद्य वा ताली बजाउन<br>१२.६ कहरवा र झ्याउरे काललाई ताल वाद्यमा बजाउन |

| क्रसं | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| | | वा कक्षामा आफूले गाउन सिकेका कुनै दुईओटा गीतमा बज्ने काललाई ताल वाद्यमा वा तालीमा अभ्यास गर्न |
| १३ | नृत्य र अभिनय | १३.१ कक्षागत गीतमा हाउभाउसहित ताल मिलाई नृत्य गर्न<br>१३.२ आफ्नो कक्षामा गाउन सिकेका कुनै दुईओटा गीतमा लय र तालमा हाउभाउसहित नृत्य गर्न<br>१३.३ आफ्नो कक्षाका कुनै पनि पाठ्यपुस्तकका कथावस्तुहरूमध्ये कुनै एकलाई एकल तथा समूहमा अभिनय गर्न |

६.६.४ विषयवस्तुको क्षेत्र र क्रम

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| १ | व्यक्तिगत स्वच्छता | • पुरै शरीरको हेरचाह र सरसफाइ<br>• सफा पहिरनको महत्त्व र प्रयोग<br>• आराम, निन्द्रा र शारीरिक व्यायामको महत्त्व<br>• महिनावारी हुँदा अपनाउनु पर्ने स्वास्थ्यकर तथा सुरक्षित व्यवहारहरू, स्वच्छतामा परिवार र साथीहरूको | २ | ३ |

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | भूमिका | | |
| २ | वातावरणीय सरसफाइ | • वातावरणीय सरसफाइको परिचय र महत्त्व<br>• पानी शुद्धीकरण गर्ने विधि<br>• वातावरणीय प्रदूषणले स्वास्थ्यमा पार्ने प्रभावहरू प्रदूषणबाट बच्ने उपायहरू<br>• कक्षाकोठा, विद्यालय र वरपरको वातावरण सरसफाइ<br>• वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने उपायहरू<br>• जैविक र अजैविक फाहोरको व्यवस्थापन | २ | ४ |
| ३ | खाना र पोषण | • खाना, पोषण र पोषक तत्वको परिचय पोषक तत्वका कार्य<br>• सन्तुलित खानाको परिचय र खानेकुराको संरक्षण गर्ने तरिकाहरू<br>• स्थानीय स्तरमा उत्पादन हुने खानेकुराको परिचय<br>• अल्पपोषक खानेकुरा | २ | ४ |

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | (Junk Food) ले स्वास्थ्यमा पार्ने असरहरू र टाढा रहने उपाय | | |
| ४ | रोग, धूमपान र मद्यपान | • सरुवा रोग एवम् प्रत्यक्ष सर्म्पकबाट सर्ने रोगको परिचय दिन र रोकथामका उपाय अपनाउन<br>• दूषित खाना र पानीबाट सर्ने रोगको परिचय रोकथामका उपायहरू<br>• दूषित हावाबाट सर्ने रोगहरूको परिचय र रोकथामका उपायहरू<br>• किराको टोकाइबाट सर्ने रोगहरूको परिचय रोकथामका उपायहरू<br>• जनावरको टोकाइबाट सर्ने रोगहरूको परिचय र रोकथामका उपायहरू<br>• धूमपान, मद्यपानको परिचय, कारण र असर<br>• धूमपान, मद्यपानको प्रयोगले व्यक्ति, परिवार र समुदायमा | ३ | ७ |

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | पार्ने असरको सूची र बच्ने उपायहरू | | |
| ५ | सुरक्षा र प्राथमिक उपचार | • सुरक्षा शिक्षाको परिचय र विविध दुर्घटना निम्त्याउने सम्भावित खतराबाट सुरक्षित हुने उपायहरू<br>• प्राथमिक उपचारको परिचय<br>• प्राथमिक उपचार बाकसमा हुनुपर्ने सामग्रीहरू र तिनीहरूको आवश्यकता<br>• घर विद्यालय र खेल मैदानमा हुन सक्ने दुर्घटनाबाट बच्ने उपायहरू | २ | ३ |
| ६ | कवाज र शारीरिक कसरत | • कवाज र शारीरिक कसरतको परिचय र महत्त्व<br>• गोडा फाट, गोडाचाल र अड र सतर्कको अभ्यास आदेशअनुसार ठिक किसिमले कार्य प्रदर्शन<br>• दायाँ फर्क, बायाँ फर्क र पूरा फर्क ठिक किसिमले प्रदर्शन<br>• तोकिएको नियमअनुसार | १ | ३ |

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | शारीरिक कसरतहरू र आदेशअनुसार प्रदर्शन | | |
| ७ | एथ्लेटिक्स र जिम्नास्टिक्स | • उभिएर सुरु गर्ने दौड र समूहमा विभिन्न साधारण दौडको अभ्यास<br>• ताल दौडमा क्राउच स्टार्ट गर्ने तरिका प्रदर्शन<br>• ७५ मि. र १०० मि. दौडको सिपको प्रदर्शन<br>• कैँची तरिकाको हाइजम्पका सिप प्रदर्शन<br>• ठिक तरिकाले लामो उफ्राइका सिप प्रदर्शन<br>• क्रस स्किपिङ र घुमाएको लामो डोरीमा समूह स्किपिङ<br>• पछाडिबाट बिस्तारै पल्टने सिप<br>• बार र पोलमा डोरीमा झुन्डिने र झर्ने सिप<br>• छेउबाट मुढा झैँ पल्टने र काँधले टेकेर पल्टने सिप<br>• शरीरलाई विभिन्न आकारमा | ३ | ७ |

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | सन्तुलन गराउने सिप | | |
| ८ | साधारण, स्थानीय र बल खेलहरू | • साधारण खेलको परिचय र महत्त्व<br>• स्थानीय खेलको महत्त्व<br>• साधारण खेलहरूको अभ्यास<br>• स्थानीय परिवेशमा खेलिने खेलहरू<br>• फुटबलमा ड्रिबलिङ सिप<br>• फुटबलमा गोडाको भित्री भागबाट हान्ने सिप<br>• फुटबलमा गोडाको बाहिरी भागबाट हान्ने सिप<br>• बास्केटमा ड्रिबलिङको सिप<br>• बास्केटमा पासिङ सिप<br>• डजबलमा पासिङ र क्याचिङ सिप<br>• डजबलमा डजिङ सिप<br>• समूहमा फुटबल, बास्केटबल र डजबल खेल | ४ | ८ |
| ९ | योगासन | • योग प्रणायामको परिचय दिई महत्त्व बताउन | २ | ४ |

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | • प्रणायाम र ध्यानको सङ्क्षिप्त परिचय र महत्त्व<br>• साधारण प्रणायाम र ध्यान<br>• सुखाशन, ताडासनको परिचय र सिप<br>• बज्रासन, पर्वतासनको परिचय र सिप<br>• अर्धहलासन, त्रिकोणासनको परिचय र सिप | | |
| १० | रेखाचित्र र रङ | • प्राथमिक रङबाट द्वितीय रङको निर्माण<br>• रेखा चित्र बनाउन आवश्यक आधारभूत कुरा<br>• विभिन्न किसिमका आकृतिहरूको रेखाङ्कन (outline sketch)<br>• व्यक्तिगत रूपमा आफूले अनुभव गरेका र कल्पनामा आधारित चित्र<br>• विभिन्न किसिमका पुनरावृत्ति भएका र नभएका बुट्टा<br>• रेखाङ्कन गरिएका स्केच | २ | ४ |

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | (sketch) मा रङको प्रयोग<br>• विभिन्न प्रकारका वस्तुको अवलोकन, चित्र निर्माण र उपयुक्त रङ<br>• कुनै विषयवस्तुमाथि सामूहिक रूपमा म्युरल चित्र (Mural art) | | |
| ११ | छपाइ, माटाको काम र निर्माण कार्य | • छपाइको परिचय र विभिन्न किसिमका आकृतिलाई छपाइ<br>• आकृतिमूलक (representational) र आकृतिविहीन (non-representational) प्रिन्टहरू र प्रयोग<br>• स्टेन्सिल छपाइ<br>• क्वायल, स्ल्याब विधिबाट विभिन्न आकारमा माटाका नमुनाहरू र रङ<br>• तारका टुक्राहरू बङ्ग्याएर विभिन्न साधारण आकृतिहरू<br>• कागजलाई काटेर वा च्यातेर कुनै वस्तुको नमुना<br>• खेर फालिने वस्तुहरू | ३ | ७ |

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | सङ्कलन गरी तार, सिन्का, कागज, माटो, गुद, टेप आदिको प्रयोग र निर्माण<br>● काठमा भएका विभिन्न रेसा (texture) को पहिचान<br>● काठमा भएका विभिन्न रेसाहरूको छपाई | | |
| १२ | गायन र वादन | ● राष्ट्रिय गान र कक्षागत गीत समूह र एकल गायन ताली<br>● पाठ्यपुस्तकमा समावेश भएका बाल गीत गायन<br>● हार्मोनियम/किबोर्डबाट निस्कने स्वरहरूको केही अलङ्कार<br>● स्थानीय बाजाहरूको सामान्य परिचय<br>● अभ्यास गरेका स्वरहरू र लयमा गन्ती वा ताली<br>● कहरवा र झ्याउरे ताल र ताली | ३ | ७ |
| १३ | नृत्य र अभिनय | ● कक्षागत गीतमा हाउभाउसहित नृत्य | २ | ४ |

| क्र.स | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | प्रत्यक्ष कार्य घण्टा | स्वनिर्देशित कार्य घण्टा |
|---|---|---|---|---|
| | | • आफ्नो कक्षामा गाउन सिकेका कुनै दुईओटा गीतमा लय र तालमा हाउभाउसहित<br>• नृत्य<br>• पाठ्यपुस्तकका कथावस्तुहरूमा एकल तथा समूहमा अभिनय | | |

### ६.६.५. सिकाइ सहजीकरण प्रक्रिया र विधि

पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि सहज तरिकाले हासिल गर्न शिक्षक तथा विद्यार्थीले गर्ने छलफल, अन्तरक्रिया, सहयोग, क्रियाकलाप आदि सिकाइ सहजीकरणमा पर्दछन् । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला, जीवनोपयोगी तथा व्यावहारिक विषय भएकाले यस विषयको सहजीकरण गर्दा बालबालिकाहरूको अन्तर्निहित प्रतिभा र सिर्जना प्रस्फुटन हुने गरी सहयोगात्मक तथा सहकार्यात्मक विधि अवलम्बन गर्नुपर्दछ । यस विषयको विषयवस्तुहरू सहजीकरण गर्दा बहुबौद्धिकताको सिद्धान्तअनुसार प्राकृतिक, दृश्यात्मक, साङ्गीतिक, शारीरिक गतिशीलता, वैयक्तिक तथा अन्तरवैयक्तिक जस्ता पक्षहरूको विकास हुने क्रियाकलापहरूमा ध्यान दिनुपर्छ । सिकाइ सहजीकरण गर्दा सामग्रीको रूपमा वास्तविक ठोस वस्तुहरू (विद्यार्थी, साबुन, टावेल, नेलकट, काइयो, म्याट,  फुटबल, भलिबल, डोरी, रङहरू, सिक्का, पात, कागज, कैंची, स्केल, पानी, चोया, माटो, ब्रस, टेप, गुद, मादल, हार्मोनियम वा किबोर्ड, तबल, बाँसुरी आदि), श्रव्य सामग्रीहरू (रेडियो, टेपरेकर्डर आदि), दृश्य सामग्रीहरू (चार्ट, चित्र, कागज आदि) र श्रव्यदृश्य सामग्रीहरू (टेलिभिजन, मोबाइल, इन्टरनेट आदि) को साथै नवीनतम प्रविधिहरूको समेत प्रयोग गरी विद्यार्थीकेन्द्रित विधि र तरिकाहरू अपनाउनुपर्ने हुन्छ । यस पाठ्यक्रममा संलग्न सिकाइ उपलब्धिहरूलाई सहज रूपमा विद्यार्थीहरूमा हासिल

गराउनका लागि स्वतन्त्र, निर्देशित र सामूहिक क्रियाकलापहरू सञ्चालन गर्ने गरी सहजीकरण गर्न शिक्षकले पथप्रर्दशक, निर्देशक, प्रेरणादायी र सहजकर्ताको रूपमा भूमिका निर्वाह गर्नुपर्छ ।

स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला शिक्षणमा विद्याथीहरूलाई सक्रिय बनाएर विद्यार्थीलाई 'गरेर सिक्ने' अवसरहरू प्रदान गर्नुपर्दछ । विषयवस्तुको अवधारणा विकास गर्दा वा विषयवस्तु सुरु गर्दा कनै वस्तुको चित्र, उदाहरण, विद्यार्थीका अनुभव, घटना आदिबाट सुरु गर्नुपर्ने हुन्छ । यसमा बालबालिकाहरूको पूर्वअनुभवलाई पनि विचार गरी अधिकतम सिकाइका लागि विषयवस्तु सुरु गर्दा विद्यार्थीलाई व्यक्त गर्ने, छलफल गर्ने, सोच्ने, अभ्यास गर्ने, सञ्चार गर्ने, आफ्नो परिवेश तथा अनुभवसँग तुलना गर्ने जस्ता अवसर प्रदान गर्ने वातावरण सिर्जना गर्नुपर्छ । विद्यार्थीहरू सिकाइ क्रियाकलापमा सहभागी हुँदा विषयगत ज्ञान, सिप, अभिवृत्ति तथा सक्षमताका साथै विद्यार्थीको परीक्षण तथा मूल्याङ्कनलाई सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी सिकाइ सुधार र विकासका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपदर्छ । प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमश: माथिल्लो स्तरमा जान सक्ने बनाउन सहयोग गर्नुपर्छ ।

कुनै पाठ तथा एकाइ शिक्षणपश्चात् प्राप्त गर्नुपर्ने उपलब्धिमा आधारित भई विद्यार्थीको परीक्षण गर्ने र परीक्षणको नतिजाका आधारमा सिकाइमा कमजोर देखिएका विद्यार्थीलाई सुधारात्मक सिकाइ क्रियाकलापमा सहभागी गराई उनीहरूकै गतिमा सिकाइ गर्ने र सुधार गर्ने अवसर प्रदान गर्नुपर्दछ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला सहजीकरण गर्न तपसिलका विधि, रणनीति, तरिकाहरू अवलम्बन गर्न सकिनेछ । छनोट गरिएका विधि, रणनीति, तरिकाहरू, प्रक्रिया तथा क्रियाकलापहरूमा सबै विद्यार्थीलाई सक्रिय बनाउने, सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला शिक्षण गर्दा निम्नलिखित बालकेन्द्रित तथा क्रियाकलापमुखी विधि तथा तरिकाहरू अपनाउन सकिन्छ : (क) प्रयोगात्मक विधि (ख) छलफल विधि (ग) प्रदर्शन विधि (घ) प्रश्नोत्तर विधि (ङ) समस्या समाधान विधि (च) क्षेत्रभ्रमण विधि (छ)

परियोजना विधि (ज) भूमिका निर्वाह तथा अभिनय विधि (झ) कथाकथन विधि (ञ) मष्तिष्क मन्थन (ट) जिग्स (ठ) ग्यालरी हिडाइ (ड) राउन्ड टेबल (ढ) ग्राफिटी आदि ।

### ६.६.६. विद्यार्थी मूल्याङ्कन

सिकाइका लागि मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको गरे नगरेको लेखाजोखा गर्नुपर्छ र सिकाइ उपलब्धि हासिल गरेको अवस्थाअनुसार विद्यार्थीको सिकाइमा सहयोग गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा, एकाइ तथा विभिन्न परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख आदि साधनहरू प्रयोग गर्न सकिन्छ । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विभिन्न साधनहरूको प्रयोग गरी विद्यार्थीको सिकाइ स्तर परीक्षण गर्न सकिन्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

वर्तमान संश्लेषित पाठ्यक्रमले निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नको लागि आन्तरिक मूल्याङ्कन (निर्माणात्मक मूल्याङ्कन) र निर्णयात्मक मूल्याङ्कन प्रयोग गर्न जोड दिएको छ । यसको लागि आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत र अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत समावेश गरिने छ । आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनमा

समावेश गरी विद्यार्थीको समग्र मूल्याङ्कनलाई १०० प्रतिशतमा गर्नुपर्ने प्रावधान राखिएको छ ।

(क) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| क्रसं | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : नियमितता र सिकाइ सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ |
| ३ | त्रैमासिक परीक्षा (पहिलो त्रैमासिक ५ र दोस्रो त्रैमासिक ५ प्रतिशत | १० |
| | **जम्मा** | **५०** |

(ख) अन्तिम मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित प्रश्नहरू हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र तल दिइएको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गर्नुपर्ने छ ।

## विशिष्टीकरण तालिका

| क्रसं. | विषयक्षेत्र | परीक्षण गर्ने पक्ष | प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|
| १. | व्यक्तिगत स्वच्छता | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | २.० |
| २. | वातावरणीय सरसफाइ | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | २.० |
| ३. | खाना र पोषण | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ४. | रोग, धूमपान र मद्यपान | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | | |
| | | उच्च दक्षता | १ | २.० |
| ५. | सुरक्षा र प्राथमिक उपचार | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ६. | कवाज र शारीरिक कसरत | ज्ञान र बोध | | |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | | |
| ७. | एथ्लेटिक्स र जिम्नास्टिक | ज्ञान र बोध | | |
| | | प्रयोग | १ | ०.५ |

| क्रसं. | विषयक्षेत्र | परीक्षण गर्ने पक्ष | प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|
| | | उच्च दक्षता | | |
| ८. | साधारण स्थानीय र बल खेलहरू | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | २.० |
| ९ | योगासन | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| १० | रेखा चित्र र रङ | ज्ञान र बोध | | |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| ११ | छपाइ, माटोको काम र निर्माण कार्य | ज्ञान र बोध | १ | ०.५ |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| १२ | गायन र वादन | ज्ञान र बोध | | |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | ५.० |
| १३ | नृत्य र अभिनय | ज्ञान र बोध | | |
| | | प्रयोग | १ | ०.५ |
| | | उच्च दक्षता | १ | २.० |
| जम्मा | | | ३१ | ५० |

***नोट :*** *अन्तिम परीक्षामा वस्तुगत प्रश्न र विषयगत प्रश्न निर्माण गरिनुपर्दछ । वस्तुगत प्रश्नहरूमा खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने, बहुविकल्प प्रश्नहरू ५/५ ओटाका दरले निर्माण गरिनुपर्दछ । वस्तुगत प्रश्नहरूको जम्मा अङ्कभार १० रहने छ । वस्तुगत प्रश्नहरूमा छोटो उत्तर आउने प्रश्न निर्माण गरिनुपर्दछ । छोटो उत्तर आउने प्रति एउटाको अङ्कभार २ रहने छ भने लामो उत्तर आउने प्रति प्रश्नको अङ्कभार ५ रहनेछ ।*

## ७. मूल्याङ्कन

दोस्रो तहमा सिकारु उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी सिकारुको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

(क) **निर्माणात्मक मूल्याङ्कन :** निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य सिकारुहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले सिकारुको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य, साक्षत्कार कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, विभिन्न परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा सिकारुको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका सिकारुका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

(ख **निर्णयात्मक मूल्याङ्कन :** अनौपचारिक तथा वैकल्पिक शिक्षा तह २ मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ :

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

(आ) निर्णयात्मक मूल्याङ्कनका अन्य आधार विषयगत पाठ्यक्रममा तोकिएअनुसार हुने छन् ।

(इ) परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका सिकारुहरूलाई केही खास खास विषयहरूमा अरू साधारण सिकारुलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका सिकारुका लागि परीक्षाको समय थप गर्न सकिने छ । सिकारु मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका सिकारुहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर